संघर्ष, स्वाभिमान र स्वावलम्बन
साहसिक पत्रकारिता

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY
राष्ट्रिय पाक्षिक
www.saharatimes.com.np

● वर्ष १६, ●पूर्णाङ्क ३३६, ● अंक ६ ●२०८१ साल मंसिर १६-३० गते ●(1 December, 15 November, 2024) ● मूल्य रु. १०

# चलेन केपी ओलीको चाइना कार्ड




**प्रचण्डले प्रधानमन्त्री ओलीलाई भारत विरोधी देखाउन खोज्नु भएको छ**

पृष्ठ ३ मा

'केपीजी द्विपक्षीय भ्रमणको लागि चीन जाँदै हुनुहुन्छ, तर यो भ्रमण बढी 'चाइना कार्ड' खेल्नका लागि मात्र भएको देखिन्छ, जुन गलत हो । हाम्रो इतिहास, संस्कृति र भूगोलले हामीले हाम्रो सम्बन्धलाई सन्तुलित राख्नुपर्छ भन्ने देखाउँछ, र उहाँले चीन जानुअघि नेपालको भारतसँगको विशेष सम्बन्धलाई स्वीकार गर्नुपर्छ । यस्तो हुनु हुँदैन थियो ।' नेकपा एमालेका अध्यक्ष समेत रहनु भएका प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणको तयारी गरिरहनु भएको बेला पूर्व प्रधानमन्त्री समेत रहनु भएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भारतका 'द हिन्दु' पत्रकारलाई दिनु भएको अन्तरवार्तामा यो कुरा भन्नुभएको हो । प्रधानमन्त्री ओली यसअघि दुई पटक प्रधानमन्त्री हुँदा पनि यस्तै गरि चाइनकार्ड प्रयोग गर्नुभएको थियो । त्यतिबेला चाइनाकार्डको असर भारतलाई गरेको थियो तर यसपटक चलेन प्रधानमन्त्री ओलीको चाइनाकार्ड । प्रधानमन्त्री ओलीले पटक पटक भारतको विरुद्धमा चाइनाकार्ड प्रयोग गरेको थाह पाएर नै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले यसपटक खुलेर कुरा राख्नु भयो ।

एमालेका अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त भएको भण्डै छ महिना हुन लागेको छ तर भारतले हालसम्म भ्रमणका लागि निम्तो दिएको छैन । प्रधानमन्त्री ओली भारत भ्रमणका लागि आतुर हुनुहुन्छ ।

बाँकी पृष्ठ १२ मा

## अभिमत

## सम्पादकीय

# लागुऔषधको चङ्गुलमा मधेश

पुरै मधेश लागु औषधीको चङ्गुलमा फँस्दैछ । तराई मधेशका अधिकांश युवा लागु औषधको कुलतमा यसरी फसिसकेका छन् कि त्यसलाई बाहिर निकाल्न कहीँ कतैबाट प्रयास भइरहेको छैन । खास गरी तराई मधेशका नेपाल-भारत सीमा क्षेत्रमा यो अवस्था भन् भयावह छ । भारतको बिहारमा रक्सीमा बन्देज लगाइएको छ । त्यसले गर्दा नेपालबाट व्यापक मात्रामा रक्सी भारत तस्करी हुने गरेको छ । नेपालबाट रक्सी जान्छ भने भारतबाट गाँजा, चरेस, ब्राउन सुगर, अफिम, हिरोइनका साथै अरू लागु औषधी आउने गरेका छन् । सीमामा कसैले कसैलाई रोकटोक गरेको पाइँदैन । सीमामा खटिएका नेपाल-भारतका सुरक्षाकर्मीले व्यापारीहरूबाट रकम लिएर आउन जान दिइरहेका हुन्छन् । झन् डुगिसलाई देखेपछि प्रहरीहरू सामुनेमा आउने गरेका छैनन् । नेपालमा आएर रक्सी खाने र भारतमा गएर लागु औषधी सेवन गर्नेलाई कुनै रोकटोक छैन । यो कुलतमा १० वर्षको बच्चादेखि ३०-४० वर्षका युवा फसेका छन् । जसको घरका मुखिया अर्थात् बुवा विदेश गएका छन् उसका अधिकांश छोराछोरी त्यस्तो कुलतमा फसेको देखिएका छन् । विदेश नगएका बाउका छोराछोरी पनि त्यसमा लागेका छन् तर विदेश गएका बाउका छोराछोरीको सङ्ख्या बढी देखिएका छन् ।

बुबाले विदेशबाट रुपियाँ पठाएका हुन्छन् । छोराछोरीले त्यसलाई लागु औषधीमा खर्च गरेका हुन्छन् । छोराछोरीहरू आमा वा घरमा रहेका अन्यलाई टेरेका हुँदैनन् । छोराछोरीहरू कुनै न कुनै बाहानमा घरबाट निस्केका हुन्छन् र साथी भाइको सङ्गतमा परेर त्यस्ता कुलतमा लागेका हुन्छन् । तर त्यसलाई रोक्ने कोही हुँदैनन् । खासमा यसलाई नियन्त्रण गर्ने भूमिका स्थानीय सरकारले गर्नुपर्ने हो । जनचेतना फैलाउनुको साथै त्यसलाई रोक्ने विभिन्न उपाय अपनाउनु पर्ने हो ।

तर स्थानीय जनप्रतिनिधि पनि मूकदर्शक भएर बसेका छन् । प्रहरीले त्यसलाई नियन्त्रण गर्ने प्रयास गरेको देखिन्छ । विद्यालयहरूमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको देखिन्छ तर त्यो औपचारिकताका लागि मात्र गरेको देखिन्छ । जुन गम्भीरताका साथ त्यसलाई नियन्त्रण गर्न लाग्नुपर्ने हो त्यो देखिएको छैन । सङ्घ तथा प्रदेशका मन्त्रीहरू कुनै कार्यक्रममा जाँदा लागु औषधी नियन्त्रण गर्ने, विभिन्न कार्यक्रम सञ्चालन गर्ने जस्ता प्रतिवद्धताहरु जनाउँछन् तर कार्यान्वयनमा केही आएको देखिँदैन । आजसम्म लागु औषधको बारेमा कुनै कार्यक्रम गरेको देखिँदैन । लागु औषधकै कारण तराई मधेशमा हत्या हिंसा तथा दुर्घटनामा वृद्धि भएको छ । अरू प्रदेशभन्दा बढी मधेश प्रदेशमा हत्या, हिंसा तथा दुर्घटना हुने गरेको विभिन्न तथ्याङ्कले देखाएको छ र ती अधिकांश हत्या हिंसा तथा दुर्घटनाहरू लागु औषधका कारणले हुने गरेको देखिन्छ । मधेश प्रदेशमा लागु औषध प्रयोगकर्ताको डरलाग्दो तथ्याङ्क छ । प्रहरीका अनुसार मधेश प्रदेशमा मात्र दैनिक औसतमा तीन जना लागू औषधसहित पक्राउ पर्ने गरेका छन् । आर्थिक वर्ष २०७९/०८० मा १ हजार ३०४ व्यक्ति लागू औषधसहित पक्राउ परेको प्रहरीले जनाएको छ । यो त पक्राउ पर्नेको आधिकारिक तथ्याङ्क हो । यसको आधारमा बुझ्न सकिन्छ कि मधेशमा लागु औषध प्रयोगकर्ताको सङ्ख्या कति छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आर्थिक वर्ष २०७९/०८० मा १०६ जनाको हत्या भएको छ । त्यसमध्ये अधिकांशको हत्या लागु औषधको कारण भएका छन् । त्यस्तै बलात्कारजस्ता जघन्य अपराधमा पनि लागु औषध प्रयोगकर्ताको संलग्नता देखिएको छ । हत्याका घटनाभन्दा धेरै चोरी, डाँका, महिला तथा घरेलु हिंसा जस्ता अपराधमा समेत लागू औषध सेवनकर्ताको संलग्नता ८० प्रतिशतभन्दा बढी देखिएको प्रहरी अधिकृतहरूले जनाएका छन् । उनीहरू लागु औषधी खरिदका लागि चोरी डकैती गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

## तथ्यांक आफै बोल्छ







## दस्तावेज




### संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा गठन र उसको माग

**प्रस्तावना :**

मधेशीहरूलाई समानता, स्वतन्त्रता, आधारभूत मानवअधिकार, सामाजिक न्याय, जनताको आत्मनिर्णयको अधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र स्वायत्त प्रदेशका साथै राज्यको हरेक निकाय, तह र अंग तथा राजकीय शक्ति, साधन र स्रोतमा समेत जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व, साझेदारी एवं सहभागिता दिलाउन र सार्थक संविधानसभाको निर्वाचन हुनु आजको मूलभूत आवश्यकता हो । मधेशी जनताको आधार भूत अधिकार आकांक्षा एवं चाहनालाई मूर्तरूप दिनका लागि निम्न राजनीतिक दलहरू एकतावद्ध भइ सबै प्रकारका विभेदहरूको अन्त्य गर्न र मधेशी जनताको राष्ट्रिय पहिचान एवं आत्मसम्मान सहित हाम्रा साझा लक्ष्यहरूको प्राप्तिका लागि संयुक्त अहिंसात्मक एवं शान्तिपूर्ण रूपमा जारी मधेशी आन्दोलनलाई सार्थक परिणाम एवं निष्कर्षमा पुऱ्याउन "संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा" को गठन गरिएको छ । मोर्चा निम्नानुसारका न्यूनतम साझा मागहरूको प्राप्तिका लागि संघर्षरत रहनेछ । मोर्चाका तत्कालीन माग र कार्यक्रमहरू यस प्रकार रहेका छन् ।

१. ऐतिहासिक मधेशी जन विद्रोहको क्रममा सहादत प्राप्त गर्नु भएका ४५ जना वीर मधेशी सपुतहरूलाई स-सम्मान शहीद घोषणा गरियोस् । आन्दोलनको दौरान घाइते र अपाङ्ग भएकाहरूको सम्पूर्ण उपचारको व्यवस्था, उपचारमा गरिएको सबै खर्च र उचित क्षतिपूर्ति एवं जीवन निर्वाहको व्यवस्था गरियोस् ।
२. जनताको आत्मनिर्णयको अधिकार र स्वायत्त प्रदेश सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत स्वायत्त तराई अर्थात् मधेश प्रदेशको स्थापना गरिनु पर्दछ । सो को प्रत्याभूति वर्तमान अन्तरिम संविधानमा गरिनु पर्दछ ।
३. संविधानसभाको प्रयोजनको लागि हुने समानुपातिक निर्वाचनको निम्ति वर्तमान संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशत भन्ने वाक्यांश ५० प्रतिशत हुने गरी संशोधन गरिनुपर्दछ ।
४. राज्यको प्रत्येक निकाय, अंग र तहमा मधेशी सहित आदिवासी/जनजाति, दलित, अल्पसंख्यक समुदाय र महिलाहरूको समानुपातिक प्रतिनिधित्व अविलम्ब गराइनु पर्दछ ।
५. देशको सैनिक संरचनामा मधेशी समुदायलाई सहभागिताबाट वन्चित गराइएकोले सेनाको बनौट एंकागी छ । तसर्थ जनसंख्याको अनुपातमा तत्कालै मधेशीहरूको पहिचान सहित सेनामा समूहगत प्रवेश गराइनु पर्दछ ।
६. राजनीतिक उद्देश्य प्राप्तिका लागि संघर्षरत मधेशी सशस्त्र सगठनहरूलाई मूलधारमा ल्याउन अविलम्ब राज्यको पहलमा सार्थक निकास खोजिनु पर्दछ ।

राजेन्द्र महतो,
राष्ट्रिय अध्यक्ष सद्भावना पार्टी
उपेन्द्र यादव
केन्द्रीय संयोजक मधेशी जन अधिकार फोरम, नेपाल
महन्थ ठाकुर
अध्यक्ष तराई मधेश लोकतान्त्रिक पार्टी
मिति २०६४/१०/२५ गते

## समाजिक सञ्जाल

### सिके राउतले आत्मसमिक्षा कहिले गर्ने ?

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले पार्टी विभाजनका विभिन्न कारणहरु भन्नुभएको छ । रोचक छ अथार्थ पनि हो तर म डाक्टर साहबलाई सोध्न चाहन्छु कि यी विकृतिहरु हटाउन तपाईले के गर्नुभयो । तपाई त पार्टीलाई अनुशासित र व्यवस्थित राख्नुहुन्छ तर तपाईकै पार्टीमा यस्ता विकृतिहरु किन आयो । तपाईसँग रहेका नेताहरुले तपाईको साथ किन छाडि रहनु भएको छ । त्यसको समिक्षा होइन आत्मसमिक्षा गर्नुहोस् । समिक्षा गरेर अरुलाई दोष दिएर उम्किनुभन्दा तपाई आत्मसमिक्षा गरेर तपाई आफैलाई पनि मूल्यांकन गर्नुहोस् । तपाईलाई छाड्ने सबै गलत होइनन्, तपाईमा पनि केही नकेही गडबडी छ त्यसलाई पनि सुधार गर्नुपर्छ भने कुरा गर्नुभएको छैन । पदाधिकारी बैठकमा आफू पनि गलत रहेको छु, आफूमा पनि कमीकमजोरी रहेको छ भन्ने कुरा किन उठाउनु भएन वा अरुले पनि किन उठाएन ? त्यसैले अध्यक्षज्यु अरुलाई दोषी देखाउनुभन्दा पहिले तपाई आत्मसमिक्षा पनि गर्नुस् ।

*जनमत पार्टीका एक पुराना कार्यकर्ता*

## फेसबुक



**जीवछ उदासी**

म आज चिन्तित छु । एक सामाजिक छलफलमा गएका थिए । पति डवल डिग्री जब होल्डर, पत्नी मास्टर डिग्री । यस्तो शिक्षित जोडी त नमुना र प्रेरक बन्नु पर्नेमा पत्नी हिंसाको चपेटामा परेकी पति सामाजिक छलफलमा गल्ती स्वीकार गरे पनि घर गएपछि त्यही हिंसा गरी रहने । त्यसको गहिरो कुरा बुझ्दा डबल डिग्रीधारी मास्टर सहाबको नाजायज सम्बन्ध रहेको रहस्य खुल्यो । यही नाजायज सम्बन्धले डिग्री गरेकी पत्नीलाई सुख शान्ति हुन नदिइरहेको प्रस्टै भयो । यो त एउटा उदाहरण हो । यस्ता हिंसाको दर्जनौं घटना लुकेका छन् । कतिले सहन नसकेर आत्महत्या र हत्याको घटना नभएको होइन तर समस्या समाधान हुन सकिरहेको छैन । यो मिथिला जनकको पावन धर्तीमा रावणरुपी दहेजले हिंसा भइरहेको छ । यस्ता घट्नामा मधेश र १३६ वटा स्थानीय सरकारले के गर्नुपर्ने के गरिरहेको छ ? न्यायिक समिति नाम मात्रैको हो कि न्याय पनि दिइने भने प्रश्न पनि उठिरहेको छ ।

## समाचार/विविध

# भारत युपीका १७ गाउँ चीनको कब्जामा !

भारत उत्तर प्रदेशका १७ वटा गाउँ चीनको कब्जामा छन्, त्यो पनि नेपालका कारण। यस भन्दाखेरी तपाईलाई आश्चर्य लाग्न सक्छ तर अवस्था त्यस्तै छ। नेपाल दुरसञ्चारको क्षेत्रमा चीनका बर्चस्व छ। दुरसञ्चारको हरेक प्रविधिमा चिनियाँ कम्पनीको लगानी छ। चिनियाँ कम्पनीको कब्जामा नेपाल टेलिकम मात्र होइन, एनसेल पनि रहेको छ। त्यसले गर्दा नेपाल-भारतको सीमावर्ती क्षेत्रमा भारतको लामो दुरीसम्म नेपालको नेटवर्कले काम गरिरहेको छ। भारतका नेटवर्क नेपालमा काम गरिरहेको छैन तर नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल टेलिकम र नीजि कम्पनी एनसेलको नेटवर्क टाढा टाढासम्म काम गरिरहेको छ। नेपालको फ्रिक्वेन्सी चीनका कारणले बढेको हो। चीनका हुवावे कम्पनीको नेटवर्कले वाइफाइ नेट सेन्टर ठाउँठाउँमा लगाएपछि बरु भारतमा भारतीय कम्नीको नेटवर्कले काम गरिरहेको छैन तर नेपालको काम गरिरहेको छ।

नेपाल सरकारले थ्रीजी नेटवर्कलाई स्तरोन्नती गरिरहेको छ। यो काम चिनियाँ कम्पनी हुवावेले गरिरहेको छ। यसका लागि हुवावेले सीमावर्ती क्षेत्रमा हाइ फ्रिक्वेन्सीको वाइफाइ नेट सेन्टर लगाइ रहेको छ। सीमावर्ती क्षेत्रमा हुवावेले लगाएका नेटवर्किङका कारण भारतीय कम्पनीको नेटवर्कका सिङ्गनल कमजोर देखिएको छ। उत्तरप्रदेशका गाउँहरु जो नेपाल-भारतका सीमावर्ती क्षेत्रमा बसेका छन् ती गाउँमा नेपाल अर्थात चिनियाँ कम्पनी नेटवर्कको पुरै कब्जा रहेको छ। गोरखपुर क्षेत्रमा पर्ने ताराताल कोटिया घाट, इश्वरीगञ्ज, धनौरा, दुर्गागञ्ज, शंकरपुर, अग्घरवा, भदइ गाउँ, पचपकरा, पिपरहवा, जमुनाहा, बलरामपुर, भगवतीगञ्ज, सिद्धार्थनगर, धनौडा, कलवटलगायता विभिन्न १७ वटा गाउँमा भारतीय नेटवर्कले काम गर्दैन। त्यहाँ नेपाली नेटवर्कको अर्थात नेपाल टेलिकम, एनसेनको कब्जा रहेको छ। प्रहरीले गर्ने सर्भिलेन्सले पनि काम गरिरहेको छैन। जामर पनि काम गरिरहेको छैन। यसको बारेमा युपी सरकारले अध्ययन थालेको छ।

चीनले भारतको जासुसी गरिरहेको आशंका युपी सरकारको रहेको छ। नेटवर्क जडान गर्ने नाममा चीन सरकारले जासुसीका लागि विभिन्न यन्त्रहरु जडान गरिरहेको आशंका युपी सरकारको रहेको छ। त्यसलाई कसरी निस्तेज पार्न सकिन्छ, त्यसको बारेमा अध्ययनमा युपी सरकार लागेको स्रोतले जनाएको छ। सरकारी स्वामित्वको नेपाल टेलिकमको प्रविधिमा चिनियाँ प्रहुविधि जायन्ट हुवावेको एकाधिकार छ। नेपाल टेलिकमको अधिकांश संवेदनशील ठाउँमा हुवावको प्रविधि रहेको छ। अर्थात नेपालको दुरसञ्चारमा ९० प्रतिशत बर्चस्व हुवावेको रहेको छ।

टेलिकम कम्पनीमा मुख्यगरी दुई भाग हुन्छन्। लाइन एक्सिन नेटवर्क (जसमा कोर प्रणालीसँगै पावर, प्रासरण हुन्छन्) र रेडियो एक्सिस नेटवर्क हुन्छन्। कोर प्रणाली भनेको हरेक गतिविधिको व्यवस्थापन र भण्डारणको काम हुन्छ भने नेटवर्कबाट फ्रिक्वेन्सी प्रसार हुन्छ। यी दुवै प्रणालीमा हुवावेकै वर्चश्व रहेको छ। नेपाल टेलिकमको फोरजीको कोर नेटवर्क प्रणालीबाहेक हुवावेकै प्रविधि रहेको छ। फोरजीको कोरमा भने चिनियाँ कम्पनी जेटटीईको रहेको छ।

नेपाल टेलिकमको प्रणालीमा मुख्य र संवेदनशील प्रणालीमा एउटा कम्पनीको एकलौटी हुनु भनेको सामान्य व्यापारिक कमनसेन्स पनि नदेखिने भन्दै विनियमावली संशोधनको तयारी भएको थियो। एउटै कम्पनीमाथिको निर्भरता हटाउनका लागि भन्दै यसअघि भएको फोरजीको टेन्डरको समयमा विनियमावली संशोधन गरि टेन्डर स्पेसिफिकेसन संशोधनका लागि छलफल भए पनि त्यो अघि बढ्न सकेन।

बाँकी पृष्ठ ८ मा

# उपचुनावबाट डराएको लोसपाद्वारा जनप्रतिनिधिलाई मेहमानी

स्थानीय तहको उपचुनावबाट डराएर पछाडि हटेको लोकतान्त्रिक समाजवादी पार्टी नेपालले स्थानीय जनप्रतिनिधिहरलाई काठमाडौँमा बोलाएर होटलमा मान सम्मानसहित मेहमानी गराएको छ। उपचुनावमा भाग नलिएपछि लोसपा नेपालको टिकाटिप्पणी भइरहेको छ। यो कुराबाट २०७९ को स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिहरुमा असर नपरोस् भनेर काठमाडौँ बोलाएर होटलमा राखेर प्रशिक्षण दिएको छ। जब कि त्यो प्रशिक्षणको कुनै अर्थ थिएन। त्यहाँ कुनै प्रशिक्षण दिएको थिएन। काठमाडौँ ल्याएर उपचुनावबाट ध्यान अन्यत्र लैजाने यस्तो गरेको पार्टीकै कतिपय नेताहरु बताउँछन्।

२०७९ को चुनावमा राष्ट्रिय दल बन्न समेत नसकेको लोसपा नेपालले स्थानीय तहको यो उपनिर्वाचनमा भाग लिएर एक सीट पनि जित्न सकिएन भने बदनामी हुन्छ भनि डरले उपनिर्वाचन भाग नै लिएन। बरु तराई मधेश केन्द्रीत दल जनता समाजवादी पार्टी नेपालले १२ सीटमा उम्मेदवारी दिएको भने जनमत पार्टीले १६ सीटमा उम्मेदवारी दिलाएको छ। तर लोसपा चुपचाप छ। मंसिर २ गते उम्मेदवारी दर्ता भयो १६ गते मतदान छ।

उम्मेदवारी दर्ता भइसकेपछि लोसपा नेपालको टिकाटिप्पणी सुरु भएपछि मंसिर ५ गते स्थानीय जनप्रतिनिधिहरुको काठमाडौँमा बोलाएर रिफ्रेस गराएको छ। २०७९ को स्थानीय चुनावमा लोसपा नेपालबाट १६ जना पालिका प्रमुख, १२ जना उपप्रमुख, १०३ जना वडा अध्यक्ष, एक जना जिल्ला समन्वय समितिका सभापति र दुई जना उपसभापतिमा जितेका छन्।

यद्यपी लोसपा नेपालका महासचिव डा.सुरेन्द्र झाले स्थानीय तहमा भइरहेको कामकाजको अनुभव, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य, कृषिलगायत दलित, विपन्न वर्गका लागि के कस्ता काम भइरहेका छन् लगायतका विषयमा छलफल भएको बताउनुभयो। उहाँले प्राविधिक कारणले लोसपा चुनावमा भाग नलिएको दावी गर्नुभयो। उपनिर्वाचनमा पार्टीले किन भाग लिएन भनि स्थानीय तहका जनप्रतिनिधिहरुले कुरा उठाएका थिए बैठकमा तर त्यसको जवाफ पार्टीका शीर्ष नेताहरुले दिन सक्नु भएन।

चुनावमा भाग नलिएपछि मत कहाँ दिने त्यसको जिम्मेवारी पार्टी सम्बद्ध मतदाताको भरमा नै छाडेको थियो। पार्टीका मतदाताहरुले आफूले रोजेको, आफूले बुझेको व्यक्ति तथा पार्टीलाई मत दिन पाउने जानकारी गराएको थियो। लोसपा नेपाल काँग्रेस-एमाले नेतृत्वको गठनमा रहेको छ तर त्यो गठबन्धनलाई पनि समर्थन गरेन। यो विषयमा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरसँग कुरा गरेपछि उहाँले भन्नुभयो, ‘ हामीसँग कसैले मत नै मागेको छैन भने कसलाई दिन जानु, स्थानीय नेता तथा कार्यकर्तालाई निर्णय गरेर मतदान गर्न अधिकार दिएको छु।’ तर चुनावमा किन भाग नलिएको भनि प्रश्नमा उहाँले कुनै जवाफ दिनुभएन। सदस्यता वितरण अभियानको समय पनि थप गरेको छ। सदस्यता वितरण अभियानलाई थप सुदृढ बनाउन मंसिरमसान्तसम्म त्यसलाई निरन्तरता दिने महासचिव झाले बताउनुभयो।

बाँकी पृष्ठ ८ मा

# चीन जानुअघि ओली किन भेट्नुभयो ‘रअ’ को प्रमुखलाई ?

प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारतले बेवास्ता गरिरहेको छ। भ्रमणका लागि यतिका चर्चा भए पनि भारतले प्रधानमन्त्री ओलीलाई निमन्त्रणा लिएर भ्रमणका लागि बोलाएन। यद्यपी ओलीले अन्तिम समयसम्म भारतको भ्रमण गर्ने भनि प्रयास गरिरहनु भयो। त्यसका लागि उहाँले विभिन्न एजेन्सीमार्फत भारतलाई कुरा पनि पुर्‍याउनु भयो। तैपनि भारतले बेवास्ता गर्‍यो र प्रधानमन्त्री ओली चीन भ्रमणमा जान बाध्य हुनुभयो। प्रधानमन्त्री ओली चीन भ्रमणमा जानुअघि नेपालका लागि भारतीय गुप्तचर एजेन्सी ‘रअ’ को प्रमुख अंशुल शर्मासँग भेट्नुभयो। प्रधानमन्त्री ओलीले मंसिर ३ गते बालुवाटारमै बोलाएर शर्मासँग एक घण्टा लामो कुराकानी गर्नुभएको स्रोतले दावी गरेको छ। प्रधानमन्त्री ओलीले आफू भारतको अहित कहिले नचाहेको, मित्र भएर नै काम गरेको तर आफूमाथि विभिन्न शंका उपशंका गरिरहेको गुनासो गर्नुभएको थियो। ‘हाम्रा दुई छिमेकी देश छन्, त्यसमध्ये भारतसँग हाम्रो विशेष सम्बन्ध छ, यसलाई कसैले बदल्न सक्दैन, त्यसलाई अझ हामीले विशेष बनाउन चाहेको हो तर कताबाट कसैले भाँजो हालेर सम्बन्ध बिगार्न चाहेको देखिन्छ’ प्रधानमन्त्री ओलीको भनाई उद्धृत गर्दै बालुवाटार स्रोतले भन्यो, ‘खुल्ला सीमाका कारण जसले जति नै गरेपनि नेपालको परनिर्भरतालाई कम गर्न सक्दैन, दुई देशको सम्बन्धलाई हटाउन सक्दैन सायद यो कुरा भारतलाई पनि थाह छ भनि उहाँले कुरा राख्नु भएको थियो।’

नेपाल प्रमुख शर्माले नेपाल-भारत बिचको सम्बन्धलाई लिएर कसैमा कुनै प्रकारको दुई मत छैन तर कतिपय कुरामा नेपाल सरकारले केही कुरा स्पष्ट पार्नु पर्ने हुन्छ, त्यसमा कही कतै न कतै चुकेको देखिएको कुरा राखेको स्रोतले दावी गरेको छ। ‘हामी चाहन्छौं नेपाल-भारत बिचको सम्बन्ध अझै बलियो होस्, देखिएका सानातिना विवाद संवाद र छलफलका माध्यमले समाधान होस् तर कही कतैबाट केही नकेही अप्ठ्यारो पक्कै पनि छ’ स्रोतले भन्यो प्रधानमन्त्री ओलीलाई शर्माले भन्नुभएको कुरा हो यो।’ कोरोनाको समय २०७७ कात्तिक ५ गते भारतीय गुप्तचर संस्था ‘रअ’ का प्रमुख सामन्तकुमार गोयलसँग प्रधानमन्त्री ओलीले यसैगरि भेट्नु भएको थियो। सो भेट बारे त्यतिबेला निकै टिका टिप्पणी भएको थियो। उहाँको निकै आलोचन भएको थियो। पछि प्रधानमन्त्री ओलीका तत्कालिन प्रेस सल्लाहकार सूर्य थापाले विज्ञप्ति जारी गरेर भेटघाटको बारेमा पुष्टि गर्नुभएको थियो। त्यो भेट त्यतिबेला भएको थियो जतिबेला चुच्चे नक्सालाई लिएर नेपाल-भारतको सम्बन्धमा दरार उत्पन्न भइसकेको थियो। भारतसँग प्रधानमन्त्री ओलीको दुरी निकै बढी सकेको थियो। यता तत्कालिन नेकपामा विवाद उत्पन्न भइसकेको थियो। नेकपामा रहनु भएको तत्कालिन अध्यक्ष प्रचण्डले सरकारको कामकाज लिएर प्रधानमन्त्री ओलीमाथि पार्टीभित्र प्रश्न उठाउनु भएको थियो।

पार्टीभित्र देखिएको विवाद भारतको इसारामा भइरहेको बुझाई प्रधानमन्त्री ओलीको थियो। भारतले प्रधानमन्त्रीबाट हटाउन चाहेको कुरा पनि ओलीले त्यतिबेला राम्रोसँग बुझ्नु भएको थियो। त्यही कुरालाई समाधान गर्नका लागि उहाँले ‘रअ’ प्रमुख गोयललाई भेट्नु भएको थियो। यसपटक पनि त्यस्तै भएको छ।

बाँकी पृष्ठ ८ मा

## फरकमत

# मधेशी राष्ट्रिय मुक्ति मोर्चाको पुनर्गठनको आवश्यकता किन ?



घनश्यामप्रसाद रजक

नेपाली राजनीतिको इतिहासमा मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल एउटा गौरवपूर्ण नाम हो। यो सङ्गठनले मधेशका उत्पीडित समुदायहरूको मुक्ति र उनीहरूको अधिकारको लागि लामो सङ्घर्ष गरेको छ। माओवादीको भातृ सङ्गठनको रूपमा रहेको यो मोर्चा एक किसिमले विघटन नै भइसकेको थियो। जबसम्म यो क्रियाशील थियो त्यो देश, विदेशका लागि मात्र होइन माओवादीकै हाइकमाण्डका लागि टाउको दुखाई थियो। पार्टीभित्रै पनि यो मोर्चाले मधेशको मुद्दा र पहिचानको बारेमा कुरा उठाउँथ्यो। मधेशको मुद्दालाई लिएर माओवादीका अध्यक्ष प्रचण्डलाई पटक पटक ज्ञापन पत्र समेत बुझाई सकेको थियो।

तर केही शीर्ष नेताको सनकका कारण पूर्वाग्रही ढङ्गले गौरवशाली मधेशी मोर्चालाई विघटन गरिएको थियो। मधेशी मुक्ति मोर्चा विघटन भएपछि माओवादीमा रहेका मधेशी नेताहरू अनाथ जस्तो महसुस गरिरहनु भएको थियो। मधेशमा माओवादीको पहिचान नै समाप्त हुन लागेको थियो। बिच बिचमा त्यसलाई पुनर्गठन गर्ने प्रयास नभएको होइन तर नेताहरूको गुटबन्दीको कारण सम्भव भइरहेको थिएन।

तर मातृका यादवको प्रयासले यो मोर्चा पुनर्गठन भएको हो। क्रियाशील भएको हो। मोर्चाले पुनः आफ्नो पाइला अघि सारेको छ। मधेशमा पुरानै रूपमा आउँदै छ। त्यसले मधेशमा एउटा आशाको किरण नजर आइरहेको छ। मधेशी जनतामा माओवादीप्रति पुनः आशा जागेको छ। मधेशको समृद्धि, सम्मान र समानताको लागि सङ्घर्ष गर्दै आएको यस मोर्चाको योगदानलाई इतिहासको पानामा सुनौला अक्षरले लेख्न सकिन्छ। आज त्यही मोर्चाको ऐतिहासिक यात्रा, त्यसले भोगेका चुनौती तथा प्राप्त सफलता र भविष्यका मार्गहरूबारे चर्चा गर्न गइरहेको छु।

### मधेशको उत्पत्ति

मधेश भनेको संस्कृतमा मध्यदेश र पालीमा मज्झिमदेशको अपभ्रंश रूप हो। मध्यदेशलाई हिन्दु पुराणहरूमा र मज्झिमदेशलाई बुद्धको विनय पिटकमा वर्णन गरिएको छ। उत्तरमा हिमालय र दक्षिणमा विन्ध्य पर्वत, पश्चिममा कुरुक्षेत्र र पूर्वमा प्रयागसम्म फैलिएको भूभाग मध्यदेश थियो। जसको तत्कालीन समयमा पनि पूर्वी सिमाना थपघट भइरहन्थ्यो। यसरी मध्यदेशको पूर्वी सिमाना बङ्गालसम्म पुगेको पनि विभिन्न विद्वानहरूले उल्लेख गरेका छन्।

साम्राज्यवादी र विस्तारवादीहरूको छिनाझपटीमा परी मध्यदेशको ठुलो हिस्सा भारतमा र सानो भूभाग गोर्खा राज्यको विस्तारको क्रममा नेपालमा परेको हो। त्यही संस्कृत तथा पालिमा भनिएको मध्यदेशलाई शासकहरूले मधेश भन्न सुरु गरेका हुन्। तर अझ चुरे र महाभारत बिचको भागलाई भित्री मधेश र चुरेदेखि दक्षिण तथा भारतको सिमानासम्म रहेको समतल भूभागलाई मधेश भनियो। मधेश सबै प्रकारले सम्पन्न थियो। तर गोर्खाली विस्तारवाद, साम्राज्यवादी हस्तक्षेप, र पहाडी शासकहरूको विभेदकारी नीतिका कारण मधेश लामो समयदेखि उत्पीडन र उपेक्षाको सिकार बन्यो।

राणाहरूको जहानियाँ शासनको अन्त्यसँगै मधेशी जनताले आफ्नो अधिकारको लागि आवाज उठाउन थाले। २००७ सालदेखि भाषाको अधिकार, राजनीतिक सहभागिता र आर्थिक समानताका सवालहरूमा मधेशी समुदायले पटक-पटक सङ्घर्ष गरेको छ। तथापि यी सङ्घर्षहरूलाई बारम्बार उपेक्षित गरियो, जसले गर्दा मधेशी जनतामा आक्रोश र असन्तुष्टि बढ्दै गयो।

### जनयुद्ध र मधेश

नेपालमा जनयुद्धको सुरुवातसँगै मधेशी जनताको आत्मनिर्णयको अधिकार र राष्ट्रिय पहिचानको सवालले नयाँ मोड लियो। नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले जब सङ्घीयता र स्वायत्तताको मुद्दा उठायो, हजारौँ मधेशी जनताका छोराछोरीहरू महान् जनयुद्धमा सहभागी भए। उनीहरूले आफ्नो रगत बगाएर मधेशको मुक्ति र समानताका लागि ठुलो योगदान दिए।

मधेशमा माओवादी आन्दोलनको प्रभाव व्यापक हुँदै जाँदा, मधेशी राष्ट्रिय मुक्ति मोर्चाको निर्माण भयो। यो सङ्गठनले मधेशको हकहित र राष्ट्रिय पहिचानका लागि जनताको आवाजलाई बुलन्द बनायो। काठमाडौँलगायत नेपालका विभिन्न सहरहरूमा “गर्व से कहु हम मधेशी छी” जस्ता नाराहरू गुञ्जिन थाले। जसले मधेशको सवाललाई राष्ट्रिय मञ्चमा मात्र होइन अन्तर्राष्ट्रिय मञ्चमा पनि पुर्यायो।

मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपालले काठमाडौँ उपत्यका र देशका विभिन्न सहरहरूमा उठाएको “गर्व से कहु हम मधेशी छी, विदेशी भगौड़ा नइ, धरती पुत्र छी” नाराले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा व्यापक प्रभाव पार्‍यो। मधेशी जनताको पहिचान, अधिकार, र सम्मानको लागि गरिएको यो अभियानले मधेश आन्दोलनलाई नयाँ उचाइमा पुर्‍यायो। साथै, तत्कालीन मोर्चाका अध्यक्ष मातृकाप्रसाद यादवले संयुक्त राष्ट्र सङ्घका प्रतिनिधि ई यान मार्टिनसँग मधेशी जनताको समस्या र मागबारे विस्तृत रूपमा छलफल गर्नुभएको थियो।

### मधेशको मुद्दा अन्तर्राष्ट्रियकरण

सङ्घीयता र समानुपातिक समावेशीताका मुद्दालाई थप बलियो बनाउनुको साथै पर्खालमा लेखिएको त्यो नाराका कारण जनयुद्धपश्चात् पनि मधेशी जनताको आवाज थप बुलन्द हुँदै गयो। जसले संविधानसभामा सङ्घीयता, समावेशिता, र आत्मनिर्णयको अधिकारलाई प्रजातन्त्रको अभिन्न हिस्सा बनाउन दबाब सिर्जना गर्‍यो। त्यही नाराले नाराले मधेशी जनताको सङ्घर्षलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्‍यो। मधेशी जनतामाथि भइरहेको विभेद र राज्यद्वारा गरिएका विभाजनकारी नीतिहरूको उजागर गर्दै मधेशी जनताका मुद्दाहरूलाई अन्तर्राष्ट्रिय समुदायमा सुनिने बनाउन महत्त्वपूर्ण भूमिका खेलेको थियो। संयुक्त राष्ट्रसंघलगायतका अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूले मधेशी जनताको मुद्दालाई गम्भीर रूपमा लिन थाले।

बाँकी पृष्ठ १० मा



■ बीपी यादव

# मधेशी शक्ति र त्यसको पतनको कारण

तत्कालीन नेकपा (माओवादी) र सातदलको संयुक्त गठबन्धनमा २०६२-०६३ को दोस्रो जनआन्दोलन सफल भएसँगै विघटित संसद पुनःस्थापित हुनपुग्यो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद काईरालाको नेतृत्वमा माओवादीसहितको समर्थनमा नेपालको अन्तरिम संविधान २०६३ घोषणा गरियो । तर मधेशी जनताको मुख्य चासोको विषय अन्तरिम संविधानमा ओझेलमा पारिएको थियो । त्यसको प्रतिवादमा तत्कालिन मधेशी जनअधिकार फोरम नेपालले आफ्नो नेतृत्वमा सडकमा मधेशी जनताको जनसागरसहितको जनविद्रोह गरेपछि अन्तरिम संविधान दुईपटकसम्म संशोधन गर्न सरकार बाध्य भयो ।

संघीयता, गणतन्त्र, समावेशी समानुपातिक सिद्धान्तमा राज्यको सबै अंग र तहमा प्रतिनिधित्वको सवाल संविधानमा उल्लेख गरियो । र, जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको बाँडफाँट गर्ने सहमतिपछि संविधान सभाको निर्वाचन २०६४ सम्भव भयो । नेपालको मधेशमा आन्तरिक औपनिवेशिक सिद्धान्तमा आधारित शासन सञ्चालनमा थियो । सुरुवातमा २०४६ सालको जनआन्दोलनपछि सद्भावना पार्टीका नेता गजेन्द्रनारायण सिंहले मधेश र मधेशी जनताको पक्षमा एक राजनीतिक प्लेटफार्म तयार गरी जनचेतना फैलाउन मूख्य भूमिका खेल्नुभयो । सद्भावना पार्टीको अभियानदेखि मधेशी जनअधिकार फोरम नेपालसम्मको यात्रालाई हेर्दा मधेशमा पूर्वदेखि पश्चिम मधेशभित्र निकै सक्षम र राम्रा(राम्रा नेताहरु उत्पादन भएको पाइन्छ । मधेश जनबिद्रोहपछि नेपाली काँग्रेस, नेकपा एमाले, माओवादी र राप्रपासहितका अन्य साना दलमा रहेका मधेसी नेताहरुलाई मधेस आन्दोलमा सहभागी बन्नुपर्ने बाध्यात्मक अवस्था सृजना भएको थियो । मधेसी एकताको बिषयमा बिभिन्न बिद्वानहरुका भविष्यवाणीलाई तिलाञ्जली दिई मधेसमा रहेका बिभिन्न जात(जाती एक हुँदा राज्य घुँडा टेक्न बाध्य भएको इतिहास हामी सामु जगजाहेर छ ।

त्यही मधेश आन्दोलनको आलोकमा मधेशीहरुले राष्ट्रपति, उपराष्ट्रपति, परराष्ट्र, गृह, रक्षा र सचारजस्ता महत्वपूर्ण मन्त्रालय मात्र होइन, कुटनीतिक र अन्य संबैधानिक निकायमा नियुक्ति पाएका हुन् । जुन पद र सम्मान काँग्रेस, एमाले र माओवादीसहितका अन्य दलहरुबाट मधेसीहरुले कहिल्यै पाएका थिएनन् र पाउने सम्भावना पनि छैन् । त्यो मधेस जनविद्रोहको उपलब्धी थियो । तर पछिल्लो समयमा पुनः पञ्चायतकालदेखि राज्यसत्तामा हालीमुहाली गरिरहेका मधेसीहरुले मधेस आन्दोलनले ल्याएको उपलब्धीहरुमा रजाइ गर्न थाले । मधेशीको नाममा उनै पञ्चायती भूतहरुले तर मार्न थाले । मधेसआन्दोलनको जगमा सत्तामा पुगेकाहरुले पनि भ्रष्टचारलाई संस्थागत गर्ने, परिवार र नातावाद तथा कृपावादलाई नै मलजल गर्न थालेपछि भने मधेश आन्दोलनमा लागेकाहरु निराश हुने नै भए । यसरी अवसरवादीहरुको मधेसवादी पार्टीहरुमा रजगज हुनथाले सँगै मधेशका पार्टीहरु विघटनको संघारमा पुगेका छन् । मधेसी युवाहरु पुनः काँग्रेस र एमालेजस्ता पार्टीहरुमा सक्रिय हुन थालेका छन् ।

यसरी मधेश जनविद्रोहबाट आर्जन गरेको मधेशी शक्ति, छिन्नभिन्न भयो । एकतामा नै बल हुन्छ र संगठमा नै शक्ति हुन्छ । त्यो कुरा मधेशी दलहरुले विर्सिए ।

**संसदमा मधेशी दलको उपस्थिति**

२०६४ सालमा भएको संविधानसभामा मधेशवादी पार्टीको संसदमा उल्लेखनीय उपस्थिति थियो । तत्कालिन मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको भागमा समानुपातिक मत ६.३२ प्रतिशत र सिट संख्या २२, त्यसैगरी प्रत्यक्षतर्फको मत ६.२५ प्रतिशत सिट संख्या ३० र मनोनित २ गरी जम्मा ५४ सिट थियो । तत्कालिन तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुरको भागमा समानुपातिकतर्फ ३.१६ प्रतिशत, सिट संख्या ११, प्रत्यक्षतर्फ ३.२५ प्रतिशत सिट संख्या ९ र एक जना मनोनित जम्मा २१ सिटको प्रतिनिधित्व थियो ।

त्यस्तै तत्कालिन सद्भावना पार्टी अध्यक्ष राजेन्द्र महतोको समानुपातिक तर्फ ०.५६ प्रतिशत सिट संख्या ५ र प्रत्यक्षतर्फ ०.४४ सिट संख्या ४ जम्मा ९ सिटको संसदमा उपस्थिति थियो । तत्कालिन नेपाल सद्भावना पार्टी आनन्दीदेवीको समानुपातिक मत ०.५२ प्रतिशत, सिट संख्या २ र प्रत्यक्षमा ०.४४ प्रतिशत सिट संख्या ०.० तर मनोनितमा १ गरी जम्मा तीन सिटको संसदमा उपस्थिति थियो । हरिचरण साहले नेतृत्व गरेको नेपाली जनता दल पार्टीको समानुपातिक मत ०.४६ प्रतिशत, सिट संख्या २, प्रत्यक्षमा ०.१७ सिट संख्या ०.० गरी जम्मा २ सिट थियो । विशेन्द्र पासवानले नेतृत्व गरेको दलित जनजाती पार्टीले समानुपातिक मत ०.३८ प्रतिशत, सिट संख्या १ र प्रत्यक्षमा ०.३१ प्रतिशत र सिट संख्या ०.० जम्मा १ सिट प्राप्त गरेको थियो ।

संघीय लोकतान्त्रिक मञ्चको समानुपातिक तर्फको मत ०.६७ सिट संख्या २ र प्रत्यक्षतर्फ ०.३५ सिट संख्या ०.० जम्मा २ सिट प्राप्त गरेको थियो । र, दुई जना स्वतन्त्र मधेशी पनि मधेशबाट प्रत्यक्ष निर्वाचित भएका थिए । पहिलो संविधानसभामा मधेशबाट ९४ जना मधेशी र थारु निर्वाचति थिए । यो नेपालको संसदीय इतिहासमा मधेशको चानचुने प्रतिनिधित्व होइन ।

२०६४ को संविधानसभाबाट नेपालका पहिलो राष्ट्रपति डा.रामवरण यादव (धनुषा) र उपराष्ट्रपति परमानन्द झा (सप्तरी) मधेशको प्रतिनिधि थिए । यो सब मधेशी जनताको एकताले पाएको सबै सामु स्पष्ट छ । यति मजबुत शक्तिलाई क्षतविक्षत कसले गर्‍यो ? सिद्धान्तमा कुनै मतभिन्ता नहुँदा नहुँदै पनि मधेशी जनअधिकार फोरम नेपालबाट विजयकुमार गच्छेदार किन अलग भए ? केही समयपछि विजय गच्छेदारबाट शरदसिंह भण्डारी पनि  अलग भए ।  उपेन्द्र यादबबाट जयप्रकाश गुप्ता पनि अलग भए । मधेसी जनअधिकार फोरम चार टुक्रामा विभाजित भयो । त्यसपछि त मधेशवादी दलहरुमा विघटनको श्रृङ्खला नै चल्यो ।

तत्कालिन तराई मधेस लोकतान्त्रिक पार्टी विभाजन भई महेन्द्रराय यादव अलग अध्यक्ष भए । राजेन्द्र महतो सद्भावना पार्टी टुक्रा भई अनिल झा अध्यक्ष बने ।  नयाँ संविधान निर्माण गर्न असफल भएपछि संविधान सभाको मूल कार्याविधि २०६९ जेठ १५ गते विघटन भयो । प्रधानन्यायाधिशको अध्यक्षतामा दोस्रो संविधान सभाको निर्वाचनको मिति घोषणा भयो निर्वाचन २०७० मंसीर ४ गतेका लागि ।

संघर्षको खातिर निर्माण भएको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा २०७० को दोस्रो संवधिानसभाको निर्वाचनमा विघटन भयो । मधेशी दलहरु एक्ला(एक्लै निवार्चन भाग लिए । जसलाई मधेशी जनताले स्वीकारेनन् मात्र होइन, मधेशवादी दलका मुख्य अध्यक्षहरु नै चुनाव हारे । उपेन्द्र यादव र विजय कुमार गच्छेदारले मात्र निर्वाचन जिते । दोस्रो संविधानसभाको निर्वाचनमा विजय कुमार गच्छेदारले नेतृत्व गरेको तत्कालिन मधेशी जनअधिकार फोरम लोकतान्त्रिकले प्रत्यक्षमा ४ सिट र समानुपातिकमा १० सिट गरी जम्मा १४ सिट जित्न सफल भयो । महन्थ ठाकुरले नेतृत्व गरेको तत्कालिन तमलोपाले प्रत्यक्षमा ४ सिट र समानुपातिकमा ७ सिट गरी जम्मा ११ सिट प्राप्त गर्‍यो ।

उपेन्द्र यादवले नेतृत्व गरेको फोरमले प्रत्यक्षमा २ सिट र समानुपातिकमा ८ सिट गरी जम्मा १० सिट मात्र प्राप्त गर्‍यो भने राजकिशोर यादवले नेतृत्व गरेको मधेशी अनअधिकार फोरम गणतान्त्रिकले जम्मा १ सीट मात्र जित्न सक्यो । त्यसैगरी शरदसिंह भण्डारीले नेतृत्व गरेको राष्ट्रिय मधेश समाजवादी पार्टीले प्रत्यक्ष र  समानुपातिकमा जम्मा ३ सिट हासिल गर्‍यो । यता महेन्द्र राय यादवले नेतृत्व गरेको तराई मधेश सद्भावना पार्टीले प्रत्यक्षमा १ र समानुपातिकमा ३ गरी जम्मा ४ सिट प्राप्त गर्‍यो । त्यसैगरी अनिल झाको संघीय सद्भावना पार्टी र हरिचरण साहको पार्टी नेपाली जनता दलले समानुपातिकमा १-१ सिट मात्र प्राप्त गर्न सके । यसरी २०७० मा जम्मा ६ वर्षको अन्तरालमा मधेशवादी दलहरुले २०६४ सालको तुलनामा ४९ सीट गुमाएका थिए । र, जम्मा ४५ सिटमा खुम्चिन पुगे । २०७० को निर्वाचनमा मधेशवादी नेताहरुको हातमा साधन र स्रोत पहिलेको तुलनामा बलियो हुँदा(हुँदै पनि किन हार्न पुगे त ? यसको कारण विभाजन र अवसरवादी चरित्र नै मुख्य कारक देखिन्छन् ।

पहिलो स्थानीय निर्वाचन २०७४ को निर्वाचनमा तत्कालिन संघीय समाजवादी फोरम नेपाल अध्यक्ष उपेन्द्र यादव, तत्कालिन राष्ट्रिय जनता पार्टी अध्यक्ष महन्थ ठाकुर, राजेन्द्र महतो, महेन्द्र राय यादव, शरद सिंह भण्डारी, अनिल कुमार झा र राजकिशोर यादव, मधेसी जनअधिकार फोरम लोकतान्त्रिक अध्यक्ष विजयकुमार गच्छेदारजस्ता नेताहरु भएको मधेसवादी दलहरुले भाग लिएको थियो ।

**प्रदेशको चुनाव**

तत्कालिन राष्ट्रिय जनता पार्टी (राजपा)ले निर्वाचन बहिष्कार गर्‍यो । संघीय समाजवादी पार्टी र फोरम लोकतान्त्रिकले पनि बहिष्कारको घोषणा गरे पनि अन्ततः कार्यकताको दबावले निर्वाचनमा भाग लिए । मधेशवादी पार्टीहरुले स्थानीय निर्वाचन २०७४ मा उपेन्द्र यादव अध्यक्ष रहेको तत्कालिन संघीय समाजवादी फोरम नेपालले अध्यक्ष २, उपाध्यक्ष २, वडा अध्यक्ष २८, वडा सदस्यहरु १३८ जना जितेका थिए । त्यस्तै, विजयकुमार गच्छदार अध्यक्ष रहेको तत्कालिन मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले प्रमुख १, उपप्रमुख १, अध्यक्ष २, उपाध्यक्ष ३, वडा अध्यक्ष २०, वडा सदस्यहरु १०७ पदमा जितेका थिए ।

मधेश प्रदेशमा फोरम, राजपा र फोरम लोकतान्त्रिकले सो स्थानीय निर्वाचनमा भाग लिएका थिए । फोरमले प्रमुख १०, उपप्रमुखमा ५, अध्यक्ष १६, उपाध्यक्ष २० ,वडा अध्यक्ष १९८, वडा सदस्यहरु एक हजार ५७ पदमा चुनाव जितेको थियो । राजपाले प्रमुख १४, उपप्रमुखमा १७, अध्यक्ष ११, उपाध्यक्ष १३ ,वडा अध्यक्ष १९४ ,वडा सदस्यहरु एक हजार १११ पदमा जितका जितेको थिया । फोरम लोकतान्त्रिकले प्रमुख १, उपप्रमुख १, अध्यक्ष २, उपाध्यक्ष २, वडा अध्यक्ष ३२, वडा सदस्यहरु १६६ पदमा चुनाव जितेको थियो ।

बागमती प्रदेशमा फोरम लोकतान्त्रिकले दुई जना वडाअध्यक्ष र पाँच जना वडा सदस्यहरु जिताएको थियो । त्यसबाहेक अरु पदमा जिताउन सकेन । अन्य मधेश दलहरुको सायद चुनावमा भाग पनि लिएका थिएनन् । त्यस्तै, गण्डकी प्रदेशमा पनि कुनै पनि मधेशवादी दलले एक सीट पनि हासिल गर्न सकेनन् ।

मधेशको बहुल्य रहेको लुम्बिनी प्रदेशमा फोरमले प्रमुखमा एक सीट पनि जित्न सकेका थिएनन् । सो प्रदेशमा फोरमले उपप्रमुखमा १, अध्यक्षमा ६, उपाध्यक्षमा ४, वडा अध्यक्षमा ४३, वडा सदस्यमा २४४ पदमा जितेको थियो । त्यहाँ फोरम लोकतान्त्रिकलाई अध्यक्ष २, वडा अध्यक्ष १९, वडा सदस्यहरु ९७ सीत मात्र हात पार्न सफल भएको थियो ।

कर्णाली प्रदेशमा मधेशवादी दलहरुमध्ये फोरम लोकतान्त्रिकले मात्र आफ्नो खाता खोल्न सफल एको थियो । सो प्रदेशमा फोरम लोकतान्त्रिकले एक जना वडा सदस्य मात्र जितेको थियो । सुदुरपश्चिम प्रदेशमा पनि फोरम लोकतान्त्रिकले मात्र केही सीटमा चुनाव जितेको थियो । अध्यक्ष र उपाध्यक्षा १-१ जना, उपाध्यक्षमा १ जना, वडा अध्यक्षमा १५ जना, वडा सदस्य पदमा ८५ जना जितेका थिए ।

**प्रतिनिधिसभा र प्रदेशसभा**

२०७४ को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा फोरम नेपाल र राजपा नेपालले मधेश प्रदेशाम चुनावी मोर्चा बनाएका थिए । तर अन्य प्रदेशमा मोर्चा बन्न सकेको थिएन । सबैले छुट्टा छुट्टै उम्मेदवार उठाएका थिए । प्रतिनिधि सभाको चुनावमा राजपाले प्रत्यक्षतर्फ ११ जना र समानुपातिकतर्फ ६ जना गरी जम्मा १७ सीट हासिल गरेको थियो । सम्पूर्ण मतको ४.९४ प्रतिशत सो दलले हासिल गरेको थियो । फोरम नेपालले १६ सीट हासिल गरेको थियो । प्रत्यक्षतर्फ १० जना र समानुपतीक तर्फ ६ जना प्राप्त हुँदा फोरमले ४.९२ प्रतिशत मत प्राप्त गरेको थियो ।

२०७४ को निर्वाचनमा प्रदेशसभातर्फ कोशी प्रदेशमा फोरम नेपालले प्रत्यक्षमा १ र समानुपातिकमा २ जना गरी ३ सिट हात पारेको थियो । मधेश प्रदेशमा मधेशवादी दलको बिचमा मोर्चा थियो । राजपाले प्रत्यक्षमा १५ सिट र समानुपातिक तर्फको  १० सिट गरी २५ सीट प्राप्त गरेको थियो । फोरम नेपाल प्रत्यक्ष तर्फ २० समानुपातिक तर्फ ९ सिट गरी २९ सिट हासिल गरेको थियो ।

फोरम नेपालले मधेश प्रदेशमा पाँच वर्षसम्म सरकार चलाएका थियो । मधेश प्रदेशमा फोरम नेपाल सबभन्दा ठूलो पार्टी थियो । २०७४ निर्वाचनमा लुम्बिनी प्रदेशमा प्रदेशसभातर्फ फोरम नेपालले प्रत्यक्षमा ३ र समानुपातिकमा २ सिटा गरी चार सीट हासिल गरेको थियो । त्यस्तै राजपाले समानुपितकमा १ सिट मात्र प्राप्त गरेको थियो ।

सुदुरपश्चिम प्रदेशको प्रदेशसभामा राजपाले प्रत्यक्ष र समानुपितकमा गरी जम्मा दुई सिट मात्र प्राप्त गरेको थियो । मधेश आन्दोलनको पहिचान र मधेशी शहीद परिवारको सम्मान प्रथम मधेश सरकारले दिएको थियो । साथै मधेश सरकारले सरकार सञ्चालन गरेर स्थायीत्व दिने प्रयास पनि गरेको थियो । स्थायीत्व विना मुलुकको समृद्धि र विकास सम्भव छैन । अर्कोतिर मधेश सरकारले पहिचानको आधारमा प्रदेशको नामाकरण गरेको थियो । साथै जनकपुरलाई राजधानी घोषणा गरेको थियो ।

**महत्वपूर्ण ऐन कानूनहरुको निर्माण**

मधेश प्रदेश सरकारले संविधानको अनुसूची ६ मा समावेश भएका २१ वटा अधिकारहरुमध्ये ५८ वटा विधेयक तयार गरी ऐन बनाउन सफल भएको थियो । संघीयता कार्यान्वयन गर्न र प्रदेशलाई शक्तिशाली बनाउन प्रदेश प्रहरी ऐन, प्रदेश निजामती सेवा ऐन, प्रदेश नीति आयोग ऐन, जनलोकपाल ऐन, लोकसेवा आयोग ऐन, बालिका संरक्षण ऐनजस्ता शक्तिशाली ऐन बनाउन सफल भएको थियो ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाम, धनुषा, मधेश विश्वविद्यालय, मधेश कृषी विश्वविद्यालय, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेश लोकसेवा आयोग, नीति तथा योजना आयोग, मधेश शहीद प्रतिष्ठान, मधेशको भाषा, कला, साहित्य, संस्कृतीलाई विकास गर्न मधेश प्रदेश प्रज्ञा प्रतिष्ठान गरिएको छ । मधेश प्रदेशको आर्थिक राजधानीको रुपमा रहेको वीरगंजमा उद्योगी(व्यवसायीहरुलाई संस्था दर्ता गर्नका लागि सहज होस् भन्ने उद्देश्यले ऐनमा नै व्यवस्था गरी उद्योग विभागको स्थापना गरिएको छ ।

महिलालाई समान हैसियत प्रदान गर्न प्रदेशमा निर्मित ऐन कानून प्रदेश निजामती सेवा ऐन, प्रदेश प्रहरी ऐन लगायतका ऐनहरुमा महिलालाई सबै कलस्टरमा ५० प्रतिशत आरक्षण्का प्रदान गरिएको छ भने बेटी पढाउ र बेटी बचाउ अभियान अन्तर्गत बेटी जन्मने बितिकै तीन लाखको छोरी मुक्ति शिक्षा बिमा मधेश प्रदेश भरिका आठ कक्षामा सामुदायिक विद्यालयहरुमा अध्ययनरत सम्पूर्ण छात्राहरुलाई साइकल वितरण कार्यकम, कक्षा ११ र १२ मा अध्ययनरत निम्न आय तथा गरिबीका रेखामुनी रहेका परिवारका मेधावी छात्राहरुलाई प्रत्येक जिल्लामा एक हजारसम्म ल्यापटप बजेट समेतको व्यवस्था भएपनि कार्यान्वयन गर्न नसकेको वितरण गर्ने, लोकसेवाको निशुल्क कक्षा संचालन, सामुदायिक विद्यालयहरुमा छात्राहरुको लागि छुटै शौचालय निर्माण जस्ता लोकप्रिय तथा सामाजिक न्यायमा आधारित कार्यकम संचालनमा ल्याएको थियो ।

**प्रोजेक्ट बैंक निर्माण**

मधेश प्रदेश सरकारले कृषि, सिचाई, पर्यटन, सडक, पूर्वाधार लगायतका विषयमा प्रोजेक्ट बैंक निर्माण गरेको छ । जसमा ५८ वटा योजना छनोट गरी ३० वटा सार्वजनिक(निजी साझेदारीबाट र २८ वटा सार्वजनिक स्तरबाट गर्ने गरी राखिएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको जनकपुर भ्रमणलाई भव्यताका साथ सम्पन्न गरी ऐतिहासिक बनाईएको थियो । करिब चार लाख जनताको उपस्थितिमा भारतका प्रधानमन्त्री मोदीको जनकपुर भ्रमणको क्रममा भएको विशाल नागरिक अभिनन्दनसहितको कार्यकमले मधेश प्रदेशको मान र सम्मान उच्च बनाएको थियो । उक्त कार्यक्रमले जनकपुरलाई विशाल भारतमा मात्र होइन अन्तर्राष्ट्रिय जगतमा नै प्रसिद्धि दिलाएको थियो । यसकै परिणाम स्वरुप जनकपुर लगायतका ठाँउहरुमा धार्मिक पर्यटकहरुको आगमनमा वृद्धि भएको छ । भारतका प्रधानमन्त्री मोदीको भ्रमणमा प्रदेश सरकारले देखाएको अतिथि सत्कार, मेहनत र जनताको विशाल उपस्थितिले प्रशंसा बटुल्न सफल भएको थियो ।

बाँकी पृष्ठ ९ मा

अन्तरवार्ता

# प्रचण्डले प्रधानमन्त्री ओलीलाई भारत विरोधी देखाउन खोज्नु भएको छ



■ **रघुवीर महासेठ**, प्रमुख, विदेश विभाग, नेकपा (एमाले)

प्रधानमन्त्री केपी शर्मा ओलीले मंसिर १७ गतेदेखि चीनको भ्रमणमा जाने अन्तिम तयारीमा हुनुहुन्छ। प्रधानमन्त्री ओलीको चीन भ्रमणसँगै सबभन्दा बढी चर्चा बीआरआइको भइरहेको छ। बीआरआइ अन्तरगर्तको परियोजना ऋणमा लिने अनुदानमा भनि नेपालमा बहस भइरहेको छ। यद्यपी सत्तारुढ दल काँग्रेस र एमालेले परियोजना अनुदानमा मात्र लिने सहमति गरिसकेका छन्। यसरी सहमति गरेको सन्देश लिएर परराष्ट्रमन्त्री आरजुराणा देउवा चीन पनि पुगि सक्नु भएको छ। त्यहाँका विदेशमन्त्री वाङ यीसँग भेटवार्ता पनि गरिसक्नु भएको छ। बीआरआइमा काँग्रेस र एमालेले गरेको सहमतिमा चीनले पनि सहमति जनायो कि जनाएन त्यो कुरा बाहिर आइसकेको छैन। बीआरआइसँगै प्रधानमन्त्री ओलीको चीन भ्रमणलाई माओवादीका अध्यक्ष प्रचण्डले भारतविरुद्धको चाइनाकार्ड हो भनि टिप्पणी गर्नुभएको छ। यसको चर्चा पनि देश विदेशमा भइरहेको छ। प्रस्तुत छ, प्रधानमन्त्री ओलीको चीन भ्रमण, चाइना कार्ड, बीआरआइलगायतको विषयमा एमालेका विदेश विभाग प्रमुख रघुवीर महासेठसँग सहारा टाइम्सले गरेको छोटो कुराकानीः

**बीआरआइको विषयमा काँग्रेस र एमालेले सहमति गरेको छ, के के विषयमा सहमति भएका छन् ?**

चीनले प्रस्ताव गरेको 'बीआरआइको कार्यान्वयन योजना'को प्रस्तावमाथि छलफल गरी त्यसलाई संशोधन गरी 'सहकार्यको फ्रेमवर्क' सहमति गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले बीआरआइको बारेमा अध्ययन गरी एउटा ठोस प्रस्ताव गर्न तीन सदस्य टाक्सफोर्स गठन गर्नुभएको थियो। टाक्सफोर्सले एउटा प्रस्ताव तयार गरेर प्रधानमन्त्री ओलीजी र शेरबहादुर देउवाजीलाई बुझाइ सकेको छ। मैले सो प्रस्ताव हालसम्म अध्ययन गर्न पाएको छैन तर मैले अनौपचारिक रुपमा बुझे अनुसार बीआरआइ ऋणमा होइन अनुदानमा लिने गरी प्रस्ताव तयार गरेको छ। सो प्रस्तावमा १० वटा परियोजनाहरु छन्। ती सबै अनुदानबाट नै हुने भनि सहकार्यको फ्रेमवर्क प्रस्ताव गरेको छ। तर चीनले पनि त्यसमा सहमत भयो वा भएन त्यसको बारेमा कुनै प्रतिकृया आइ पुगेको छैन।

**सुरुदेखि एमालेको धारणा अनुदान मात्र थिएन अनुदान वा ऋण थियो तर अहिले आएर अनुदानमा सहमति गरेको छ त्यो कसरी सम्भव भयो ?**

मैले अघि नै भने कि मैले डिटेल अध्ययन गरेको छैन र यस विषयमा उच्च तहमा मेरो कुराकानी भएको छैन। सञ्चारमाध्यममा र केही साथीभाइसँग कुराकानीको आधारमा मैले जे बुझेको छु त्यो मैले तपाईलाई बताए। तर अहिले पनि मेरो व्यक्तिगत कुरा बुझ्नु हुन्छ भने चीनबाट बीआरआइ लिनुपर्छ कुनै पनि बहानामा त्यसलाई छोड्नु हुँदैन। जति पनि परियोजनाहरु छन् ती सबै अनुदानमा सम्भव छैन, ऋणमा पनि सम्भव छैन। चीनले अरु अरु देशमा पनि यो बीआरआइ सञ्चालन गरेको छ। सबै ठाउँमा ऋणमा नै चलिरहेको छ। त्यसले नेपालले अनुदान मात्र मागेर हुँदैन आवश्यकता अनुसार अनुदान पनि र ऋण पनि मोडेलमा जानुपर्छ तर दुई दल सम्मलित कार्यदलले के गरेको छ त्यो भित्रको कन्टेन्ट मैले अध्ययन गरेको छैन। त्यो अध्ययन गरेपछि मात्र केही भन्न सकिन्छ।

**काँग्रेसले त कुनै पनि हालतमा ऋणलाई स्विकार गर्दैनन् भनि रहेको छ नि ?**

ऋण स्विकार नगर्ने कुरा काँग्रेसले मात्र होइन, हाम्रो प्रधानमन्त्री ओलीजीले पनि भनिरहनु भएको छ। तर ऋण स्विकार नगर्ने, ऋण नलिने त्यो कुराको डिटेलमा जानु आवश्यक छ। कस्तो ऋण स्विकार नगर्ने, कस्तो ऋण नलिने त्यो कुरा आउनु र बुझ्न आवश्यक छ। नेपाललाई आवश्यकता छ भने ऋण लिन्छ नभए लिदैन। यसमा कसैले जोड जवर्जस्ती गर्न मिल्दैन। चीनले पनि सक्छ भने अनुदानमा दिन सक्छ नभए यसमा पनि कसैको जोड जवर्जस्ती चल्दैन। हामीले अनुदान माग्दैमा चीनले दिइहाल्छ भने पनि छैन, चीनले ऋण दिँदैमा हामीले लिइ हाल्नुपर्छ भने पनि छैन। दुवै देशले आआफ्नो आवश्यता अनुसार अगाडि बढ्नुपर्छ।

**बीआरआइ लिएर प्रधानमन्त्री ओलीको चीन भ्रमण विवादित भएको छ यसमा तपाईले के भन्नुहुन्छ ?**

एउटा देशको प्रधानमन्त्री कुनै देशको औपचारिक भ्रमणमा जाँदै हुनुहुन्छ। त्यसको विभिन्न कोणबाट चर्चा हुनु स्वभाविक हो। फेरि बीआरआइ चीनको निकै नै महत्वकाँक्षी प्रोजेक्ट हो। यसमा देशी विदेशीको नजर छ। चर्चा हुनु स्वभाविक हो, त्यसलाई मैले अनावश्यक लिएको छैन तर कतिपयले अनावश्यक रुपमा त्यसलाई विवादमा ल्याउने प्रयास गरिरहेका छन्। देशको हितभन्दा व्यक्तिगत स्वार्थमा त्यसलाई व्यख्या गरिरहेका छन्। प्रधानमन्त्री र उहाँको पार्टीलाई अनावश्यक रुपमा बदनाम गराउने प्रयास भइरहेको छ। कुनै पनि विषयवस्तुमा स्वच्छ बहस हुनु राम्रो कुरा हो। कुनै पनि विषयवस्तुमा जति धेरै बहस हुन्छ त्यति नै राम्रो हुन्छ तर त्यो राष्ट्रका हितमा हुनुपर्छ। त्यस्तो भइरहेको देखिएको छैन। बीआरआइको विषयमा विभिन्न कोणबाट कुरा आउन थालेपछि प्रधानमन्त्री ओलीजीले टाक्सफोर्स बनाएर नै अध्ययन गराउनु भएको छ त्यो त सकारात्मक कुरा हो नि।

**त्यसो भए चीन भ्रमणलाई लिएर प्रधानमन्त्री ओली र माओवादी केन्द्रका प्रचण्डका बिच तुतु मैमै भइरहेको छन् यस्तो किन भइरहेको छ जस्तो लाग्छ तपाईलाई ?**

-मलाई त त्यस्तो लाग्दैन। यस विषयमा प्रधानमन्त्रीजीले केही बोल्नु भएको छैन। माओवादीका अध्यक्ष प्रचण्डले जे टिप्पणी गर्नुभएको छ त्यसमा प्रधानमन्त्री ओलीले कुनै प्रतिकृया दिनुभएको छैन। हामीले पार्टीको तर्फबाट त्यसको खण्डन गरेका छौं। प्रधानमन्त्री जीलाई चीनबाट भ्रमणको निम्तो आयो। उहाँ डिसेम्बर २ मा चीनको भ्रमणमा जाँदै हुनुहुन्छ। उहाँको भ्रमणलाई लिएर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले भारतको 'द हिन्दु' भन्ने पत्रिकामार्फत जुन टिप्पणी गर्नुभएको छ त्यो आपत्तिजनक छ, हाम्रो विदेश नीतिको विपरित हो। हामी सार्वभौम स्वतन्त्त देश हौं। उहाँले प्रधानमन्त्रीको भ्रमणलाई लिएर जुन टिप्पणी गर्नुभएको छ त्यो देश र जनताको हितमा छैन। त्यसको घोर आपत्तिसँगै एमाले पार्टीले तत्काल खण्डन गरेको छ। प्रधानमन्त्री भइसक्नु भएका माओवादी अध्यक्ष प्रचण्डले जानी जानी प्रधानमन्त्री ओलीको चीन भ्रमणलाई बदनाम गराउन खोज्नु भएको छ। प्रधानमन्त्री ओलीलाई भारत विरोधी देखाउन खोज्नु भएको छ।

**प्रधानमन्त्री ओलीको चीन भ्रमणलाई चाइनाकार्डको रुपमा प्रचण्डले टिप्पणी गर्नुभएको छ, उहाँले त्यस्तो टिप्पणी किन गर्नुभयो जस्तो लाग्छ तपाईलाई ?**

त्यो कुरा त तपाईले उहाँलाई नै सोध्दा थाह हुन्छ तर म के भन्छु भने माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड पनि पटक पटक चीनको भ्रमण गर्नुभएको छ। उहाँले भ्रमण गर्दा चाइना कार्ड नहुने प्रधानमन्त्री ओलीले त्यहीं भ्रमण गर्दा चाइना कार्ड हुने कसरी ? यसमा टिका टिप्पणी गर्नुको कुनै अर्थ नै छैन। सत्ताबाट हट्नु परेको छटपटाहटमा परेर माओवादीका अध्यक्ष प्रचण्डले यस्तो अभिव्यक्ति दिनु भएको जस्तो लाग्छ मलाई। उहाँ पनि पटक पटक चीनको भ्रमण गर्नुभएको छ। त्यो बेला भारत विरुद्धको चाइनाकार्ड थिएन अहिले कसरी भयो ? प्रचण्डजी जस्तो व्यक्तिले सस्तो लोकप्रियताका लागि यस्ता गम्भीर विषयमा टिप्पणी गर्नुहुँदैन्थ्यो। कसको इसारामा यस्तो भन्नुभयो त्यो मलाई थाह भएन तर जे भन्नुभयो त्यो एकदमै गलत भन्नुभयो।

**भारतले भ्रमणमा नबोलाएको रिसमा प्रधानमन्त्री ओलीले हतार हतार चीन भ्रमण गरेर भारतलाई तर्साउन यो कार्ड प्रयोग गर्नुभएको हो भनिन्छ नि ?**

त्यो आधारहिन, कपोकल्पित कुरा हो। कुन देशको भ्रमण गर्ने निर्णय गर्ने अधिकार प्रधानमन्त्री वा त्यहाँको सरकारको हुन्छ। हामी स्वतन्त्र राष्ट्र हौं। हामी कुन देशको भ्रमण गर्छौ त्यो चयन गर्ने अधिकार नेपालको हो, नेपाल सरकारको हो। यसमा अरुले टाउको दुखाउने कुरा नै होइन। कुनै देशको भ्रमण गराउने कुरा केटाकेटीको खेल होइन, भ्रमण गराउने देश पनि तयार हुनुपर्छ। उसको पनि सेड्डुल मिल्नुपर्छ। हुनसक्छ भारतका प्रधामन्त्री नरेन्द्र मोदीको सेड्डुल मिलिरहेको छैन। तयारी गर्न सकिरहेको छैन। आफ्नो अनुकुल अनुसार निमन्त्रणा पठाउला त्यसका लागि हामी वा कसैले टाउको दुखाउनुपर्ने अवस्था छैन। भ्रमणलाई लिएर अहिलेसम्म भारतले केही बोलेको छैन तर भारतले यस्तो भन्यो, उस्तो भन्यो भन्ने कुराहरु भइरहेका छन्। यस्ता कुराहरु देशको हितमा छैन। देशको हित नचाहने व्यक्तिहरुले यस्ता कुराहरु उठाइ रहेका छन्। यो सरकारले भारत र चीनलाई समान दृष्टिले हेर्नुपर्छ र हेरिरहेको छ। हाम्रो लागी दुवै मित्र हुन्, हाम्रो लागी कोही सत्रु होइनन्। चीनले भ्रमणको निम्ता पठायो, प्रधानमन्त्री गइरहनु भएको छ। जुन दिन भारतले निम्ता पठाउछ, प्रधानमन्त्री त्यहाँ पनि जानु हुन्छ। यसमा चाइना कार्डको कुरा कहाँबाट मैले बुझ्न सकेको छैन। भ्रमणका निम्ता आउनैपर्छ भने कुनै जरुरी छैन। यो आआफ्नो देशको अनुकुलतामा भर पर्छ।

**एमालेका अध्यक्ष ओलीलाई प्रधानमन्त्री भएको छ महिना भइसक्यो तर भारतबाट अहिलेसम्म भ्रमणको निम्तो आएको छैन, यसमा तपाईलाई अनौठो लागेको छैन ?**

मलाई कुनै अनौठो लागेको छैन। किनभने पहिलो भ्रमण भारत वा चीनै गर्नुपर्छ भनि नेपालको कुनै कानुनमा उल्लेख छैन वा भारत र चीनको कानुनमा छ कि नेपालले पहिला भारत वा चीनको भ्रमण गर्नुपर्छ। भ्रमण त आफ्नो अनुकुलता र एजेण्डाको आधारमा हुन्छ। भारतसँग पहिला जे सम्बन्ध थियो त्यो सम्बन्ध आज पनि कायम छ। भारतसँग हाम्रो राम्रो सम्बन्ध छ तर भ्रमण गराउनका लागि उसको पनि अनुकुलता हुनुपर्‍यो। भ्रमणको निम्तो नआउदैमा सम्बन्ध खराब छ वा निम्तो आउदैमा सम्बन्ध राम्रो छ भने होइन। भारतसँग हाम्रो राम्रो सम्बन्ध छ, विशेष सम्बन्ध छ। त्यो कायम रहन्छ। भारतबाट पनि निम्तो आउछ र प्रधानमन्त्री ओली भ्रमणमा जानु हुन्छ। यसलाई हाउगुजी बनाउनु हुँदैन।

**केपी शर्मा ओली तीन पटक प्रधानमन्त्री बन्नुभयो तर तीनै पटक भारतसँग राम्रो सम्बन्ध रहेन। पहिलो पटक प्रधामन्त्री हुँदा संविधान निर्माण, नाकाबन्दीलगायतका विषयलाई लिएर सम्बन्ध बिग्रेको थियो। दोस्रो पटक प्रधानमन्त्री हुँदा चुच्चे नक्सालाई लिएर विवाद चरमसीमामा पुग्यो। अहिले तेस्रो पटक पनि ओली र भारतको दुरी बढेको छ यस्तो किन ?**

प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रको लागि नेपाली जनताका लागि केही गर्नुहुन्छ र त्यसले अरु कसैलाई चित्त बुझेको छैन भने त्यो हाम्रो कमजोरी होइन। तपाई नै भन्नुस् त प्रधानमन्त्री ओलीले संविधान निर्माणको क्रममा जे अडान लिनुभयो वा नाकाबन्दी हटाउन जे पहल गर्नुभयो के त्यो गलत थियो ? गलत थियो भने भन्नुस्। त्यसमा कसैको चित्त दुख्यो भने यसमा मलाई केही भन्नु छैन। चुच्चे नक्साको कुरा संसदबाट दुई तिहाइ भन्दा बढी बहुमतले पारित भएको कुरा हो। नेपाली जनताले साथ दिएको कुरा हो। त्यसमा पनि कसैलाई चित्त दुखेको छ भने दुखोस् हामी के नै गर्न सक्छौं र। प्रधानमन्त्री ओलीले कहाँ गलत गर्नुभएको छ कसैले भन्नसक्छ ? भारतसँग हाम्रो कहिले सम्बन्ध बिग्रेको थिएन। सधै राम्रो थियो र अहिले पनि छ। मान्छेको सोचाइ र बुझाईमा मात्र फरक छ। हाम्रो पार्टीका अध्यक्ष ओली २०७४ मा प्रधानमन्त्री हुँदा म पनि क्यविनेटमा सिनियर मिनिस्टर नै थिए। त्यो बेला त म कुनै प्रकारको त्यस्तो विवाद देखिनन्। धेरै राम्रो सम्बन्ध थियो। म आफै पटक पटक भारत भ्रमणमा गएका थिए। म पनि मोदीलाई भेटेका थिए। मोदी पनि पटक पटक नेपालको भ्रमण गर्नुभएको थियो। सोचे भन्दा राम्रो सम्बन्ध थियो। मान्छेले भ्रम फैलाउने काम गरिरहेको छ कि ओली प्रधानमन्त्री बनेपछि नेपाल-भारतबिच सम्बन्ध बिग्रेको छ। त्यो सरासर गलत कुरा हो। बरु मोदी र ओली बिच पटक पटक कुराकानी भएकै हो। असोजमा मात्र अमेरिकामा उहाँ दुई जनाको बिचमा भेटघाट भएकै हो। फोनमा पनि संवाद भइ नै रहेको हुन्छ। अब के चाहियो।

# विद्रोही स्वभावका जीवछीक



‘हुने विरुवाको चिल्लो पात’ यो भनाइ ठ्याक्कै जीवछीकुमारी यादवसँग मेल खान्छ । सिरहा नवराजपुर-३ जगतपुरका जीवछी यादवमा सानैदेखि केही गर्ने हुटहुटी थियो । त्यसका लागि उहाँ विभिन्न प्रयास पनि गर्नुभएको थियो । आज त्यही हुटहुटी र प्रयासको कारण उहाँ मधेश प्रदेशका प्रदेशसभा सदस्यसम्म बन्नुभएको हो । एसएलसी पास गरेपछि नै उहाँ आफै केही गरौं, कसैको बोझ नबनौं सोच बनाउनुभयो । त्यहीं सोचले उहाँ स्कूलमा पढाउन सुरु गर्नुभएको थियो ।

त्यसपछि उहाँ कहिले पछाडी फर्केर हेर्नुभएन । निरन्तर केही गरौं भन्दै अगाडि बढ्दै जानुभयो । २०५४ मा विहे गरेपछि केही समय घर व्यवहारमा अल्झिनुभयो । त्यसबाहेक हालसम्म उहाँले केही नकेहीमा क्रियाशिल नै रहनुभयो । जीवछी भन्नुहुन्छ, ‘माइतीमा मलाई बाहिर निस्किन गाह्रो थिएन तर विहे गरेर आएपछि केही समय मलाई घरबाट निस्किन निकै गाह्रो थियो । तर घरका मान्छेलाई कन्भिन्स गरेर निस्के यदि त्यतिबेला ननिस्केको भए म अहिले घरभित्रै हुन्थे ।’

जीवनमा केही गर्नुछ भने घर र समाजबाट विद्रोह गर्नुपर्छ, कहिले काही आफैसँग पनि विद्रोह गर्नुपर्छ भनि बुझाई जीवछीको रहेको छ । उहाँले पटक पटक घर तथा समाज यहाँसम्म आफैसँग पनि विद्रोह गर्नुभएको छ ।

नागरिकताका लागि विद्रोह

जीवछीले २०५२ मा एसएलसी पास गरेपछि उहाँको बारेमा गाउँमा निकै चर्चा भएको थियो । त्यतिबेला छोरीहरु निकै कम पढ्थे । हुनेखाने परिवारले पनि आफ्ना छोरीलाई पठाउदैन्थे । त्यतिबेला छोरीहरु निकै कम पढ्थे । जीवछी एसएलसी पास गरेपछि सिरहाको जगतपुर प्राविमा जागिर पाउनुभयो । त्यतिबेला उहाँका हजुरबुवा जुगेश्वर यादव वडा अध्यक्ष हुनुहुन्थ्यो । भर्खर एसएलसी पास गर्नुभएको कारण जीवछीको चर्चा थियो । त्यति नै बेला जगतपुर प्राविमा शिक्षकको पनि आवश्यकता थियो । जीवछीले त्यहाँ पढाउने अवसर पाउनुभयो । स्कूलमा उहाँले पढाउदै गर्दा मासिकाका लागि विज्ञापन निस्केको थियो तर विज्ञापन भर्नका लागि नागरिकता चाहिएको थियो ।

जीवछीसँग नागरिकता थिएन । उहाँ नागरिकता बनाउनकै लागि आफ्नो बुवा हरिनारायण यादवसँग हिड्दै सिरहा सदरमुकाम पुग्नुभयो । त्यतिबेला अविवाहित महिलाले पनि नागरिकता लिन पाउने भनि कानुन कार्यान्वयनमा आइसकेको थियो । त्यसअघि विवाहित महिलाले मात्र नागरिकता बनाउन पाउथे । तर तत्कालिन गाउँविकास समितिले अविवाहितलाई सिफारिस गर्न मानिरहेको थिएन । सायद स्थानीय जनप्रतिनिधिलाई त्यतिबेला कानुनको बारेमा जानकारी थिएन होला ।

जीवछी सम्झनुहुन्छ, ‘तत्कालिन उपप्रधानपञ्च ह्रदयनारायण यादवले छोरीलाई अंश दिने हो र, किन नागरिकता बनाउन हतार गर्नुभएको हो, नागरिकता नै बनाई दिने हो भने विहे गरेर मात्र बनाइ दिनुस् भनि मेरो बुवालाई भन्नुभएको थियो । त्यो कुरा सुनेर म झन चिन्तित भए झन टुटे ।’ उपप्रधानपञ्चले सिफारिस नगरेपछि जीवछी तत्कालिन जिल्ला सभापति राजलाल यादव कहाँ जानुभयो । उहाँले पनि अविवाहित छोरीलाई आजसम्म आफूले सिफारिस गरेको छैन गाविसबाट सिफारिस नआएसम्म आफूले पनि गर्न नसक्ने जवाफ दिनुभएको थियो ।

तर जीवछी हार मान्ने पक्षमा हुनुहुन्थेन । उहाँ दाल चामल लिएर नै नागरिकताका बनाउनका लागि सिरहा पुग्नु भएको थियो । गाउँले लेखनदास सुदीलाल यादवको डेरामा जीवछी बस्नुभयो । उहाँले नागरिकता नबनेसम्म सिरहाबाट नफर्किने अडानमा बस्नुभयो किनभने नागरिकता लिएर उहाँलाई जागिरमा जानु थियो त्यही भएर उहाँलाई नागरिकताको हतार थियो । कति भनसुन तथा कन्भिन्स गरेपछि गाविसका तत्कालिन प्रधानपञ्च इन्द्रप्रसाद यादवले नागरिकताका लागि सिफारिस गर्नुभयो । इन्द्रप्रसादले गरेपछि राजलाल यादवले पनि सिफारिस गर्नुभयो । जीवछीको नागरिकता बन्यो ।

तर मासिकाको जागिरका लागि त्यो नागरिकता काम लागेन । विज्ञापनमै स्थानीय महिला हुनुपर्छ भनि उल्लेख थियो । र, फर्मका साथ विवाह दर्ता पनि पेस गर्नुपर्थ्यो जो जीवछीसँग थिएन । त्यतिबेला जीवछीको बिहे भएको थिएन । उहाँ त्यसका लागि पनि आवाज उठाउनु भयो । छोरा स्थानीय हुने तर छोरी किन नहुने ? यदि छोरीले विहे गरेन भने के उ जागिर गर्न पाउँदैन, के आमा बुबाको घरमा बस्ने छोरी स्थानीय हुँदैन, के मासिकाको जागिर अविवाहितले गर्न पाउँदैन जस्ता कुरा उहाँले उठाउनु भएको थियो तर त्यतिबेला उहाँको कुरा कसैले सुनेनन् ।

**ससुरालमा विद्रोह**

२०५४ मा सिरहा औरही गाउँपालिकाका दरहिया-१ का फुलेश्वर यादवसँग जीवछीको बिहे भयो । सानैदेखि चञ्चल स्वभावका जीवछी ससुरालमा पनि माइती जस्तै बस्न चाहनु भएको थियो । माइती जस्तै वतावरण र खुल्लापन चाहनु भएको थियो तर ससुरालमा घुँघटभित्र बस्नुपर्छ, घरभित्रै रहनु पर्छ ठूलाबडाको सामु जानु हुँदैन भनि कुराबाट जीवछी बेखबर हुनुहुन्थ्यो । उहाँलाई यी सब कुराको जानकारी नभएको होइन तर यी सब बेकारका कुरा हुन् यस्ता कुराहरु मान्नु हुँदैन भनि सोचाइ जीवछीमा थियो ।

बिहेको एक दुई दिनमै जीवछी आफ्नो आँगनमा श्रीमानसँग कुर्सीमा सँगै बस्नुभएको थियो । त्यो कुरालाई घरपरिवारमा हलचल नै भएको थियो । कस्तो बुहारी हुन् सबैको सामु श्रीमानसँग टाँसिएर बस्छिन् । श्रीमानसँग यसरी बस्नु हुँदैन भनि परिवारका सदस्यहरुले सम्झाएका थिए । त्यसको केही दिनमै जीवछी यसै एक दिन दलानमा गएर बस्नु भएको थियो । त्यो कुरालाई लिएर घरमा हलिखली भएको थियो । कस्तो कुसंस्कारी बुहारी आइन्, केही मान्दैनन्, घरपरिवारको रीतिरिवाज केही मान्दैनन् जस्ता टिप्पणीहरु भएको थियो ।

उहाँका सासुआमा, ससुरा तथा अन्यहरुले रिसाउनु भएको थियो । बुहारी यसरी दलानमा बस्नु हुँदैन भनि सबैले सम्झाइ बुझाई गरेका थिए । तर जीवछीलाई हरेक कुरामा श्रीमान फुलेश्वरको साथ सहयोग हुन्थ्यो । जीवछी भन्नुहुन्छ, ‘कुनै कुनै कुरालाई लिएर घरमा यतिका टिकाटिप्पणी हुन्थ्यो यदि त्यो बेला मेरो श्रीमानले साथ नदिएको भए सायद म ससुरालमा बस्न सक्दैन्थे कि जस्तो अहिले पनि लाग्छ ।’

माइतीमा शिक्षिका रही सक्नु भएका जीवछी ससुराल आएपछि विशुद्ध गृहणी बन्नुपरेको थियो । घरधन्दा गर्ने, घरमै बस्ने, बाहिर कतै जान नपाउने, जथाभावी कसैसँग बोल्न नपाउने जस्तो अवस्था थियो । जुन कुरा जीवछीलाई मन परेको थिएन । जागिर गरेको मान्छे, जागिर छाड्न लगाएर यहाँ घरमा ल्याएर थन्काउनु भएको भनि जीवछीले आफ्नो श्रीमानसँग गुनासो गर्नुहुन्थ्यो । आफू यसै चुपचाप नबस्ने केही गर्ने भनि श्रीमानलाई भन्न थाल्नुभयो । त्यति नै बेला दरहिया स्कुलमा शिक्षकका लागि विज्ञापन खुलेको थियो ।

यो भन्दा ठूलो अवसर अरु के होला भनि जीवछीले पनि त्यसमा चासो लिन थाल्नुभयो । तर घरका अरुअरुले जीवछीलाई त्यहाँ शिक्षिकामा राख्न रुची देखाएनन् । बुहारीले यसरी गाउँकै स्कूलमा पढाउनु हुँदैन भनि घरमा कुराकानी भएको थियो । अर्थात जीवछीलाई त्यो स्कुलमा जागिर गर्न दिएन परिवारकै अन्य सदस्यले त्यो जागिर पायो । जीवछीलाई त्यो कुराले निकै चित्त दुखेको थियो । माइतीमा बुबा तथा हजुरबुबाले गाउँकै स्कूलमा पढाउन दिनुभएको थियो । घरपरिवार कति खुशी थियो । तर यहाँ यो गर त्यो नगर जस्ता विभिन्न ब्रेकर लगाउने गरेको कुरामा जीवछीलाई चित्त बुझेको थिएन ।

**जीवछीको सवारी साइकल**

एकदिन श्रीमान फुलेश्वरले एउटा विज्ञापन लिएर आउनु भयो । त्यो सामाजिक परिचालिकाको लागि विज्ञापन थियो । त्यसमा उहाँ फर्म भर्नुभयो । १३ गाउँपालिकामा काम गर्नुपर्ने थियो । त्यसमा दुई जना छनौट हुनुभयो । ससुराल आएपछि जीवछी यसरी पहिलो पटक बाहिर निस्किने मौका पाउनुभयो । सामाजिक परिचालिकमा जागिर पाएपछि अरुअरु गाउँ जानु पर्थ्यो जुन कुरा उहाँको परिवारलाई मात्र होइन, अन्यलाई पनि पचेको थिएन । गाउँका अन्य मान्छेहरुले सासु ससुरालाई अनेक कुरा लगाउथे । गाउँमा जीवछीको बारेमा अनेक टिप्पणी हुन्थ्यो तर उहाँले त्यसको प्रवाह कहिले गर्नुभएन । उहाँ आफ्नो गतिमा हिडिरहनु भयो ।



तीन वर्षपछि सामाजिक परिचालिकमा एक जना मात्र राख्ने भनि नीति बन्यो । त्यसमा पनि जीवछी नै छनौटमा पर्नुभयो । त्यतिबेला जीवछीलाई उहाँको कामको आधारमा छनौट गरेको थियो । त्यसमा जीवछीको तलब २२ सय थियो । जीवछीलाई अरु अरु गाउँ जानुपर्ने भएकाले उहाँले एउटा साइकल किन्नुभयो । साइकल चढ्न थालेपछि पनि गाउँमा टिप्पणी हुन थाल्यो । बुहारीले यसरी साइकल चढ्नु हुँदैन भनि घर तथा घरबाहिर पनि चर्चा हुन थाले ।

जीवछी भन्नुहुन्छ, ‘एक किसिमले मलाई साइकल चढ्नमा रोक नै लगायो । जागिर गर्न पनि हुनु हुँदैन्थ्यो, जागिर गर्नुभयो तर अब साइकल चढ्न थाल्नुभयो यो हुँदैन बरु जागिर छाड्नुस् तर साइकल चढ्न पाइदैन भनि घरबाट दबाब आयो ।’ तर जीवछी आफ्नो अडानबाट पछाडी हट्नुभएन । जसरी पनि साइकल नै चढ्ने भनि अडान लिनुभयो । त्यसपछि एउटा उपाय निकाल्यो, गाउँबाट निस्किदा साइकल नचढ्ने डोर्‍याएर जाने र आफ्नो गाउँबाट निस्कि सकेपछि मात्र साइकल चढ्ने ।

जीवछी भन्नुहुन्छ, ‘त्यसपछि म करिब आधा घण्टा साइकल डोर्‍याएर जान्थे त्यसपछि मात्र साइकल चढ्थे, आउँदा पनि परै ओर्लन्थे र घरसम्म साइकल डोर्‍याएर ल्याउँथे । एक दिन एउटा बैठकमा आधाघण्टा ढिलो पुगेपछि हाकिमबाट गाली खाएको थिए । त्यसपछि त्यो कुरा म आफ्नो श्रीमानसमक्ष राखे अनि श्रीमानले चढ्नुस् केही हुँदैन केही भयो भने म घरमा कुरा गर्छु । अनि त्यसपछि घरबाट निस्किदा नै साइकल चढ्न थाले एक दुई दिन कुरा काट्ने काम भयो त्यसपछि सबै चुप भए ।’

**तीन जागिर एक साथ**

जीवछीले पछि आफ्नै कमाइबाट स्कुटी किन्नुभयो । स्कुटी चढ्न थालेपछि त झन उहाँको बारेमा टिकाटिप्पणी हुन थाले तर ती कुराहरुको उहाँले बेवास्ता गर्न थाल्नुभयो । त्यतिबेला जीवछीले दुईटा जागिर गरिरहनु भएको थियो । २०६१ मा जिल्ला शिक्षा कार्यालयले अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । त्यसमा जीवछीलाई पाँच गाउँ (सन्हैठा, करहर्बा, हरकट्टी, सोठाइन)का लागि सुपरभाइजर बनाएको थियो । भनिन्छ, सामाजिक परिचालिकमा राम्रो काम गरेको कारण उहाँलाई शिक्षा कार्यालयले छनौट गरेको थियो ।

उहाँ दुईटा जागिर गरिरहनु भएको थियो । उहाँलाई तेस्रो जागिरको पनि अवसर आयो । २०७४ मा लोकल गोभर्नमेन्ट सुशासन (एलसीडी) कार्यक्रमका लागि विज्ञापन निस्केको थियो । उहाँले त्यसमा पनि अप्लाई गर्नुभएको थियो । परीक्षा दिनुभयो र त्यसमा

# ो प्रदेश सभासम्मको यात्रा

उहाँ पास हुनुभयो । उहाँ एकसाथ तीनटै जागिर गरिरहनु भएको थियो । तीनटै जागिर एकै प्रकृतिको भएको कारण उहाँलाई काम गर्न गाह्रो थिएन । स्कुटी थियो उहाँले भ्याइ रहनु भएको थियो ।

जीवछी भन्नुहुन्छ, 'मैले तीन वटा जागिर गरेपनि घरमा बुहारीले गर्ने सबै काम पनि गर्थे, खाना पकाउनुदेखि लिएर सरसफाइलगायत घरका सबै काम गर्थे । त्यसका लागि म विहान ३-४ बजे उठि सक्थे । घरका सबै काम भ्याएर मात्र आफ्नो टाइममा काममा निस्किन्थे ।' त्यतिबेलाको समाज अहिलेको जस्तो सजिलो थिएन । भर्खर भर्खर देशमा गणतन्त्र आएको थियो । चुनावहरुको तयारी चलिरहेको थियो । राजनीतिक गतिविधिहरु बढ्दै थियो । तर जीवछी आफ्नो गतिमा हिडि रहनु भएको थियो ।

जीवछीले तीन वटा जागिर गरेकोमा समाजका धेरै मान्छेलाई पचेको थिएन । उहाँले बिगत सम्झिदै भन्नुभयो, 'मैले एलसीडीमा जागिरका लागि नियुक्ति लिएपछि आफ्नो गाउँको स्कूलमा एउटा कार्यक्रमको आयोजना गरेको थिए, तर गाउँका मान्छेहरुले नै त्यो कार्यक्रम बहिष्कार गरेका थिए । त्यो कार्यक्रम जसोतसो भयो पछि मेरो कामको बहिष्कार गर्नेहरु पनि पछि मेरो कामको प्रसंशा गर्नु थाल्नुभयो बुहारी होस् त यस्तो भन्न थाले ।' त्यतिबेला त्यो समाजको कुरा सुनेर घरमा लुकेको भए सायद यो ठाउँसम्म आइ पुग्ने थिएन भन्दै जीवछीले भन्नुभयो, 'आफूले गरिरहेको काम आफूलाई ठिक लागि रहेको छ भने त्यसबाट पछाडि हट्नु हुँदैन ।'

त्यति मात्र होइन, उहाँको विरुद्धमा सिरहा जिल्ला शिक्षा कार्यालयसम्म नेताहरुको डेलिगेशन गएको थियो । जीवछी भन्नुहुन्छ, 'फोरम र माओवादीका नेताहरु जिल्ला शिक्षा कार्यालय र जिल्ला विकास कार्यालयमा गएर एक जना मान्छे कसरी तीन तीन वटा जागिर गर्न सक्छ, उसलाई हटाउनु पर्‍यो भनि उजुरी दिनुभएको थियो ।' उहाँहरुको कुरा सुनेर छोरी बुहारीले काम गर्नु राम्रो हो नि तपाईहरुलाई किन पचिरहेको छैन, तपाईहरु पनि आआफ्नो छोरी बुहारीलाई यसरी काममा लगाउनु न, भनि तत्कालिन शिक्षा अधिकारीले नेताहरुलाई प्रतिकृया दिनुभएको थियो ।

एलसीडी कार्यक्रमबाट जीवछी हटेपछि त्यो कार्यक्रम पनि त्यतिकै कोल्याप्स हुन्छ के तपाईहरु चाहनु हुन्छ कि तपाईहरुको गाउँघरबाट यो कार्यक्रम हटोस्, शिक्षा अधिकारीले यस्तो भनेपछि ती नेताहरु चुपचाप घर फर्किनु भएको थियो ।

**माओवादीको अपहरणमा**

जीवछी एकपटक माओवादीको अपहरणमा पनि पर्नुभएको हो । एक्सन एडको महिला विकास कार्यक्रममा जीवछी सिरहाको टेनुवापट्टी जानुभएको थियो । दलित महिलाहरुलाई वचत गर्न सिकाइरहनु भएको थियो उहाँले । साहु, महाजनसँग ऋण नलिनु बरु सहकारीमा आफै बचत गर्नु र त्यहीबाट आवश्यकता अनुसार ऋण लिनु भनि सिकाइरहनु भएको थियो । त्यो कुरा गाउँ समाजका धेरैलाई मन परेको थिएन । सायद त्यही कुरालाई लिएर माओवादीको एउटा समूह आएर जीवछीलाई उठाएर लगेको थियो ।

मुख छोपेर आएका माओवादीहरुले जीवछीलाई सिरहा सोहपुरमा रहेको एउटा इट्टा भठ्ठामा लगेर राख्नुभएको थियो । आफूलाई किन के कारणले उठाएर ल्याएको भनि जीवछीले प्रश्न गर्नुभएको थियो तर त्यहाँ रहेका कुनै पनि माओवादीले जवाफ दिइरहनु भएको थिएन । 'तपाईहरु राजनीतिमार्फत जनताका लागि जे काम गरिरहनु भएको छ म पनि समाजिक संस्थामार्फत त्यही काम गरिरहेको छु, तपाईहरु पनि दलित विपन्न वर्गको कुरा उठाइ रहनु भएको छ म पनि त्यही गरिरहेको छु भने मलाई किन उठाएर ल्याउनु भएको हो' जीवछीले आफ्नो कुरा राख्नुभएको थियो ।

पछि त्यो समूहको कमाण्डर आएपछि जीवछीलाई किन उठाएर ल्याएको जहाँबाट ल्याउनु भएको छ त्यही पुर्‍याई दिनु भनि निर्देशन दिनुभएको थियो । पछि जीवछीलाई खाजा खुवाएर सम्मानका साथ त्यहाँबाट फर्काइएको थियो । सोहपुर र टेनुवापट्टी वरपर यो हल्ला फैलिएको थियो तर जीवछीको गाउँ दरहियासम्म आइपुगेको थिएन । जीवछी घर फर्किदा आफू अपहरणमा परेको कुरा उहाँको घरमा कसैलाई जानकारी थिएन । उहाँले पनि कसैलाई भन्नुभएन । घरका मान्छेले धेरैपछि यो कुरा थाह पाएका थिए ।

जीवछी भन्नुहुन्छ, 'म फिल्डमा काम गर्ने मान्छे यस्ता घटनाहरु भइरहन्थ्यो कति कुरा घरमा भनि रहनु । कहिले कहाँ लफडा त कहिले कहाँ लफडा भइरहन्थ्यो ।' जीवछीको काम कुर्सी टेबलमा बसेर गर्ने थिएन, तीनटै काम फिल्डकै थियो । गाउँ समाजमा डुल्ने । विपन्न, गरिब, असहायको हितमा काम गर्ने थियो । त्यसले गर्दा धेरैसँग उहाँको चिनजान भइसकेको थियो । गाउँमा हुने झैझगडा मिलाउन उहाँ पञ्चायती गर्न पनि जानु हुन्थ्यो । कतिपटक उहाँ प्रहरी चौकीदेखि लिएर सिडियो तथा एसपी कार्यालयसम्म आफै पुग्नुहुन्थ्यो ।

जहाँ जाँदा महिलामा उहाँ मात्र हुनुहुन्थ्यो । तर उहाँलाई कुनै हिचकिचाहट तथा संकोच थिएन । आफ्नो कुरा निर्धक्क भएर राख्नुहुन्थ्यो । उहाँको सक्रियता र कामको शैलीले गर्दा विस्तारै विस्तारै जीवछीलाई जिल्लाभर चिन्न थाले । उहाँ जागिरका साथै अन्य संघ संस्थामा पनि आवद्ध हुनुहुन्थ्यो । उहाँ २०५९ मा महिला मानवअधिकार रक्षक सञ्जालमा पनि आवद्ध हुनुभएको थियो । महिलाको हक अधिकारका लागि अवाज उठाउने संस्था भएकाले त्यसमा उहाँ सक्रिय हुनुहुन्थ्यो । २०६२ मा त्यसको सदस्य हुनुभएका जीवछी सचिव र उपाध्यक्ष हुँदै अध्यक्षसम्म पनि हुनुभएको थियो । सोही कार्यक्रममार्फत देशका विभिन्न ठाउँमा पनि पुग्नु भएको थियो । उहाँ हिमाल, पहाडसम्म पनि पुग्नुभएको छ । उहाँले आफूले दर्जनौ तालिम लिनुभएको छ भने त्यो भन्दा बढी उहाँले दिनु पनि भएको छ । पछि विभिन्न संघ संस्थाहरुले उहाँलाई प्रशिक्षकको रुपमा ठाउँठाउँमा लग्न थालेका थिए । उहाँको भाषण गर्ने कला, बोल्ने शैली बेजोड छ ।

**राजनीति यात्रा**

माओवादीबाट अपहरणमा परेपछि सो पार्टीका थुप्रै नेतासँग उहाँको चिनजान भएको थियो । पछि रामरिझन यादवसँग पनि उहाँको राम्रै चिनजान भएको थियो । त्यसले गर्दा रामरिझन यादवले विभिन्न कार्यक्रममा जिवछीलाई बोलाउनु हुन्थ्यो । जिवछी भन्नुहुन्छ, 'रामरिझन कुन पार्टीमा हुनुहुन्छ के गर्नुहुन्छ मलाई थाह छैन तर म उहाँलाई आफ्नो आदर्श मान्छु उहाँ समाजका लागि हरहमेशा केही गर्न खोज्नुहुन्छ उहाँले पनि मलाई देश र समाजका लागि केही



गर्नुपर्छ उत्साहित गर्नुहुन्थ्यो र अहिले पनि बेलाबेला भेटहुन्छ ।'

सायद उहाँकै मार्फत माओवादीका तत्कालिन नेतृ हिसिला यमी जिवछीको घरसम्म पुग्नु भएको थियो । हिसिलाले जिवछीलाई आफ्नो पार्टीमा प्रवेश गराउन चाहनु भएको थियो । त्यसका लागि उहाँले पटक पटक प्रस्ताव गर्नुभएको थियो । जिवछीको क्रियाकलाप देखेपछि माओवादीमा जान्छन् कि भनि घरका अन्य सदस्यहरुलाई पनि चिन्ता थियो । त्यही भएर घरमा आएका हिसिलासँग उहाँको श्रीमानले भेट्न दिनुभएन । पछि जिवछीले श्रीमानलाई कन्भिन्स गरेर औरही (सिरहा)मा गएर भेट्नु भएको थियो ।

त्यहाँ पनि हिसिलाले माओवादीमा आउन जिवछीलाई आग्रह गर्नुभएको थियो । तर जिवछीले घुमाउरो तरिकाले इन्कार गर्नुभएको थियो । त्यसपछि पनि मधेशतिर हिसिला आउँदा जिवछीसँग भेट हुन्थ्यो । रामरिझनसँग प्राय भेट भइ नै रहन्थ्यो उहाँको ।

जिवछी समाजिक कार्यकर्ता मात्र होइन, राजनीतिक ज्ञान पनि उहाँलाई बाल्यकालदेखि नै थियो । उहाँको हजुरबुवा वडा अध्यक्ष हुँदा घरमा राजनीतिक गतिविधि भइरहन्थ्यो । घरमा हुने बैठकहरुमा जिवछी त्यतिकै गएर बस्नुहुन्थ्यो । गाउँघरका पञ्चायत हुँदा उहाँ त्यसमा आफै जानु हुन्थ्यो । कहिले काही मनमा लागेको कुरा बोल्नु हुन्थ्यो । राजनीतिमा रुची राख्नु हुन्थ्यो । जिवछीले एउटा कुरालाई स्मरण गर्दै भन्नुहुन्छ, 'तत्कालिन जिल्ला विकास समितिबाट एलसीडीमा जागिरका लागि अप्लाइ गरेको थिए मलाई त्यहाँ इन्टरभ्युका लागि बोलाइएको थियो । इन्टरभ्युमा तत्कालिन जिल्ला सभापति चन्द्रनारायण यादव पनि बस्नु भएको थियो । उहाँले मलाई राजनीति थाह छ सोध्नुभयो, मैले हो भने । उहाँले चित्रलेखा यादवको बारेमा सोध्नु भएको थियो, अरु केही राजनीतिक घटनाक्रमको कुरा सोध्नु भएको थियो सबै प्रश्नको जवाफ मैले दिएको थिए । त्यसपछि उहाँले मेरो पिठ्युमा धाप दिँदै भन्नुभयो, 'तिमी अगाडि बढ तिमीमा निकै सम्भावना छ ।'

जिवछीको गतिविधि हेर्दा उहाँका हजुरबुवाले पनि जामुन बाबुको छोरी चित्रलेखा जस्तै हुन्छे, भन्नुहुन्थ्यो । गाउँको पञ्चायतमा कुनै गलत निर्णय भयो भने त्यसको विरोध गर्नुहुन्थ्यो जिवछीले । अर्थात जिवछी सानैदेखि राजनीति गतिविधिमा लागि सक्नुभएको थियो । संयोग उहाँको विहे सिरहाको दरहियामा हुँदा त्यो परिवार पनि राजनीति पृष्ठीभुमीको थियो । पुरै परिवार काँग्रेस पार्टीमा आवद्ध भएर राजनीति गरिरहेको थियो । जिवछीलाई पनि त्यो परिवारमा घुलमिल हुन समय लागेन ।

उहाँका जेठाजु महेन्द्रप्रसाद यादव तत्कालिन अध्यक्ष हुनुहुन्थ्यो । त्यसले गर्दा सो परिवारमा पनि राजनीति चहल पहल भइरहन्थ्यो । जिवछीका लागि राजनीति माहोल आफ्नो घरमा जस्तो थियो त्यस्तै माहोल उहाँले ससुरालमा पनि पाउनुभयो । तर सुरुमा माइतीमा जस्तो खुल्ला थियो त्यस्तो ससुरालमा पनि पाउनु भएन त्यसका लागि उहाँले धेरै संघर्ष गर्नुभयो ।

उहाँको जागिर नै जनसम्पर्क गर्ने खालको थियो । फिल्डमै काम गर्ने भएका कारण राजनीतिबाट उहाँले आफूलाई टाढा राख्न सक्नुभएन । समाजिक काम गर्नुको साथै उहाँले आफ्नो राजनीतिलाई पनि अगाडि बढाउनुभयो । काँग्रेसबाट उहाँले राजनीति गर्न थाल्नुभयो । पार्टीमा उहाँको सक्रियता देखेर पार्टीले उहाँलाई १० औ महाधिवेशनमा क्षेत्रिय प्रतिनिधि बनाएको थियो । उहाँलाई त्यतिबेला सुरेन्द्र दास यादवले क्षेत्रिय प्रतिनिधि बनाउनु भएको थियो ।

**मधेश आन्दोलन**

उहाँ काँग्रेसमा सक्रिय रहे पनि २०६३-०६४ मा भएको मधेश आन्दोलनमा पनि उहाँ त्यतिकै सक्रिय भएर लाग्नुभएको थियो । मधेशको अधिकारका लागि भइरहेको यो आन्दोलनमा लाग्नुपर्छ भनेर उहाँले जिल्लामा हुने विभिन्न आन्दोलनमा जानु हुनुहुन्थ्यो । उहाँ मधेश आन्दोलनमा लागेको कारण घरका सदस्यहरुले मधेशी दलमा जान्छन् कि भनि शंका पनि गरेका थिए तर उहाँ कतै जानु भएन, काँग्रेसमै बस्नुभयो ।

२०६४ मा भएको पहिलो संविधान सभा चुनावमा त उहाँ सीतादेवी यादवको प्रचारकको रुपमा परिचित हुनुभयो । सीतादेवीको चुनावमा प्रचारमा पुरै खटिन थाल्नुभयो । सीतादेवीले पनि कुनै काम पर्दा आफ्नो प्रतिनिधिको रुपमा जिवछीलाई पठाउनु हुन्थ्यो । चुनावी गठबन्धनको बैठक होस् या सात दल वा सर्वदलीय बैठकहरुमा पनि सीतादेवी जिवछीलाई पठाउन थाल्नुभयो । त्यसले उहाँ झन चर्चित हुन थाल्नुभयो । समाजिक रुपमा परिचित जिवछीलाई राजनीतिवृतमा पनि धेरैले चिन्न थाले ।

जिवछी हरहमेशा सितादेवीको छायाँ बनेर हिड्न थाल्नुभयो । काँग्रेस पार्टीको महाधिवेशनमा सीतादेवीलाई जिताउन उहाँले गरेको प्रचार प्रसार निकै चर्चामा थियो । यतिसम्म कि सीतादेवी भन्दा बढी चर्चा जिवछीको हुन थालेको थियो ।

**सविधान सभा चुनाव**

पार्टीमा उहाँका सक्रियता देखेर २०७० को दोस्रो संविधान सभामा चुनावमा उहाँको नाम समानुपातिकमा राखिएको थियो । उहाँमाथि त्यतिबेला १३ वटा उजुरी निर्वाचन आयोगमा परेको थियो कि जिवछी यादव जागिरबाट राजिनामा नदिएर समानुपातिक उम्मेदवार बन्नुभएको छ । तर कुनै पनि उजुरी काम लागेन । जो उम्मेदवार थिए त्यसले उजुरी गरेको भए मात्र उजुरी लाग्थ्यो तर गैरउम्मेदवारले उजुरी दिएको कारण त्यो कार्यान्वयनमा आएन ।

समानुपातिकमा हुने लगभग निश्चित नै थियो । रामचन्द्र पौडेलले जिवछीलाई बोलाएर बाधाइ पनि दिइसक्नु भएको थियो । भोज पनि खानु भएको थियो । तर कसैले बिचमा ट्रिक खेलिदियो । समानुपातिकका लागि जिवछीले प्रदीप गिरीसँग पनि सहयोग माग्नुभएको थियो । त्यो कुराकानीको रेकर्ड कसैले रामचन्द्र पौडेललाई पुर्‍याइ दिएको थियो । प्रदीप गिरी रामचन्द्र पौडेलको गुटमा हुनुहुन्थेन । रामचन्द्रलाई लाग्यो कि जिवछीले डब्बल गेम खेलिरहनु भएको छ । रामचन्द्र पौडेलले समानुपातिकबाट जिवछीको नाम काटि दिनुभयो ।

परिणाम आउँदा जिवछीको भएन । त्यसपछि उहाँ रामचन्द्र कहाँ पुग्नुभयो । नभएको कुरा सोध्नुभयो । त्यसपछि रामचन्द्र पौडेले भन्नुभएको थियो, 'तिमी साह्रै बाँठी रहेछौं उता प्रदीपसँग पनि कुरा गर्ने यता मसँग पनि कुरा गर्ने ।' जिवछीले बल्ल आफूसँग कसैले चिटिङ गरेको कुरा सम्झनुभयो । उहाँ कोइराला गुट अर्थात रामचन्द्र पौडेल गुटमै हुनुहुन्थ्यो । कसैले प्रदीप गिरीसँग जोडेर रामचन्द्र पौडेललाई भड्काइएको थियो ।

**स्थानीय तहको चुनाव**




समानुपातिकमा नभएपछि जिवछीलाई चित्त दुखेको थियो तर उहाँ हरेश खानु भएन । आफ्नो जागिर र राजनीतिलाई निरन्तरता दिनुभयो । दुवै कामलाई एक साथ अगाडि बढाई रहनु भएको थियो । तीन चार वर्ष सक्रिय भए पार्टीमा काम गर्नुभयो । २०७४ मा भएको स्थानीय चुनावमा उहाँ पनि औरही गाउँपालिका अध्यक्ष उम्मेदारी दिने तयारीमा लाग्नुभयो । पार्टीमा गुटगट राजनीति चलिरहेको थियो । शेरबहादुर देउवाको बोलबाला चलिरहेको छ पार्टीमा । तर जिवछी कोइराला गुटका हुनुहुन्छ ।

काँग्रेसबाट सुवास यादव पनि अध्यक्षको दावेदार हुनुभयो । जो देउवा गुटका हुनुहुन्छ । सुरुमा सिद्धार्थ यादवले पनि अध्यक्षको दावेदार हुनुहुन्थ्यो । सिद्धार्थ अध्यक्षमा लडेपछि जिवछी उपाध्यक्षमा लड्न तयार हुनुभयो तर पार्टीले सुवास यादवलाई टिकट दिएपछि सिद्धार्थ पार्टी छाडेर माओवादीमा जानुभयो र त्यहाँबाट टिकट लिएर अध्यक्ष पदमा उम्मेदारी दिनुभयो । यता सुवास अध्यक्षमा लडेपछि आफू उपाध्यक्षमा नलड्ने अडानमा जिवछी बस्नुभयो ।

बाँकी पृष्ठ ११ मा

# उपनिर्वाचनमा जसपा नेपाललाई चुनौती

२०७९ को स्थानीय तहको चुनावमा ४५५ सीट जितेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालका लागि स्थानीय तहको उपनिर्वाचन चुनौतीपूर्ण देखिएको छ।  मंसिर १६ गते हुने गइरहेको स्थानीय तहको उपचुनावमा १२ स्थानमा उम्मेदवारी दिएको जसपा नेपालले त्यसमध्ये दुईटा पालिका प्रमुखमा र अरु बाँकी वडा अध्यक्षहरुमा उम्मेदवारी दिएको छ।

जिल्ला समन्वय समितिका प्रमुख २, गाउँपालिका अध्यक्ष २, नगरपालिका प्रमुख १, गाउँपालिका उपाध्यक्ष ४, नगरपालिका उपप्रमुख १ र वडा अध्यक्ष ३४ गरी ४४ सीटमा उपचुनाव भइरहेको छ। तर जसपा नेपालले १२ स्थानमा मात्र उम्मेदवारी दिएको छ। यसबाट पुष्टि हुन्छ कि जसपा नेपाल भित्रभित्रै कति कमजोर भइसकेका छन्। गत बैशाखमा जसपा नेपाल विभाजन भएको थियो। अशोक राइ त्यहाँबाट सात जना सांसद लिएर अलग भएर जसपा गठन गर्नुभएको छ। त्यसले पनि कमजोर बनाएको हो भनि टिप्पणी भइरहेको छ।

४४ मध्ये १२ ठाउँमा मात्र किन उम्मेदवारी भनि जिज्ञासामा जसपा नेपालका प्रवक्ता मनिष सुमनले जित्ने ठाउँमा मात्र उम्मेदवारी दिन लगाएको प्रतिकृया दिनुभयो। 'जहाँ संगठन राम्रो छ, त्यहाँ मात्र उम्मेदवारी दिलाएका छौं, उहाँले भन्नुभयो, 'सबै ठाउँमा उम्मेदवारी दिएर काम छैन जहाँ हामी जित्न सक्छौं अहिलेलाई त्यहाँ मात्र उम्मेदवारी दिन लगाएका छौं।' जसपा नेपालले एक जना वडा अध्यक्ष गुमाएको छ। पार्टीले गुमाएको रौतहटमा पनि उपनिर्वाचन भइरहेको छ। त्यो ठाउँ पनि जोगाउछ कि जोगाउदैन भनि चिन्ता भइरहेको छ।

२०७९ को स्थानीय चुनावमा जसपा नेपालले विभिन्न पद गरी ४५५ स्थानमा चुनाव जितेको थियो। त्यसमध्ये कोशीमा अध्यक्षमा दुई, उपाध्यक्षमा दुई, वडाध्यक्षमा २०, महिला सदस्यमा १९, दलित महिला सदस्यमा २४, वडा सदस्यमा ४५ जना जितेका थिए। मधेश प्रदेशमा जसपाले प्रमुखमा सात, अध्यक्षमा १७, उपप्रमुखमा नौ, उपाध्यक्षमा १६, वडाध्यक्षमा २१२, महिला सदस्यमा २१६, दलित महिला सदस्यमा २१३, वडा सदस्यमा ४३१ जनालाई जिताएको थियो। बागमती प्रदेशमा वडा अध्यक्षमा एक र सदस्यमा दुई जनालाई मात्र जिताउन सफल भएको थियो।

गण्डकी प्रदेशमा जसपाले वडा सदस्य तीन, महिला सदस्य तीन, दलित महिला सदस्य तीन, खुला सदस्यमा ६ जनालाई जिताएको थियो। त्यस्तै, लुम्बिनी प्रदेशबाट सो दलले प्रमुख एक, अध्यक्ष दुई, उपप्रमुख दुई, उपाध्यक्ष एक, वडाध्यक्ष ४२, महिला सदस्य ३९, दलित महिला सदस्य ३६ र खुला सदस्यमा ७२ जनालाई जिताएको थियो। सुदुरपश्चिम प्रदेशमा जसपाले वडाध्यक्ष दुई, महिला सदस्य तीन, दलित महिला सदस्य दुई, वडा सदस्य दुई जना जिताएको थियो।

कहाँ कहाँ छन् उम्मेदवारी ?

जसपा नेपालले किर्तिपुर नगरपालिका प्रमुखमा दीपक महर्जनलाई उम्मेदवारी दिन लगाएको छ। जबकी २०७९ मा त्यहाँ उम्मेदवारी दिलएको थिएन। त्यस्तै मोरङको ग्रामथान गाउँपालिकामा पनि विगतको चुनावमा उम्मेदवारी परेको थिएन तर यसपटकको उपनिर्वाचनमा सुरेशकुमार राजवंशीलाई अध्यक्ष पदको उम्मदवार बनाएको छ। ओखलढुंगा मोलुङ्ग गाउँपालिका वडा नं ५ को अध्यक्षमा इन्द्रबहादुर दर्जी, सप्तरी डाक्नेश्वरी नगरपालिका वडा नं १ को अध्यक्षमा धिरेन्द्र कुमार साह, डाक्नेश्वरी वडा नं ४ को अध्यक्षमा देवेन्द्रप्रसाद यादव, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १ को अध्यक्षमा अजयकुमार यादव, महोत्तरीको रामगोपालपुर वडा नं २ को अध्यक्षमा मो. नजामुद्दिन खानले उम्मेदवारी दिनुभएको छ।

त्यसैगरि, रौतहट इशनाथ नगरपालिका वडा नं ७ को अध्यक्ष पदमा शेख अब्दुल अहद, रौतहटको गढीमाई नगरपालिका वडा नं ८ को अध्यक्ष पदमा सन्देशप्रसाद यादव, काठमाडौंको किर्तिपुर वडा नं ४ को अध्यक्ष पदमा राजीव महर्जन, हेटौडा उपमहानगरपालिका वडा नं  १२ को अध्यक्ष पदमा छविलाल वाइवा र रुपन्देहीको शुद्धोधन गाउँपालिका वडा नं १ को अध्यक्ष पदमा रामबहादुर कुर्मी चौधरीले उम्मेदवारी दिनु भएको छ।

### भारत युपीका...

सबै प्रविधि हुवावेको छ। नेटवर्क र कोर प्रणालीमा सबै प्रविधि हुवावेको छ। त्यस्तै यसको मर्मतको जिम्मा पनि हुवावेकै रहेको छ। यति धैरै नियन्त्रण एउटै कम्पनीको हुँदा त टेलिकमको सबै डेटामा एउटै कम्पनीको पहुँच र नियन्त्रण सहजै हुन्छ।

एनसेलले प्रविधि धैरै हुवावेको उपयोग गरे पनि उसले मिक्स गरेको छ। हुवावेसँगै जेटटीईको पनि प्रविधि उपयोग गरेको छ। यसले गर्दा जतिबेला पनि विस्तार गर्दा वा मर्मत गर्दा प्रतिस्पर्धी लागत हुन्छ। टेलिकम प्रयोगकर्ताको डेटामा हुवावेले पहुँच राख्नसक्छ। त्यसको दुरुपयोगको अनुगमन नहुने भएकाले गर्दा टेलिकम व्यवस्थापन चाहँदा पनि यस्ता कुरा जानकारी पाउँदैन। एकाधिकार हुँदा धैरै कुराको गोपनीयता सम्भावना धैरै कम हुन्छ। नेपालको दुरसञ्चारमा बर्चस्व हुँदा भारत र अमेरिका दुवै देश तर्सेका छन्।

### उपचुनावबाट डराएको...

गत जेठ ११ गतेदेखि सुरु भएको सदस्यता वितरण अभियान पाँच महिनासम्म सञ्चालन भएको थियो। मंसिर मसान्तसम्म एक महिना म्याद थप गरिएको छ। २०८२ बैशाखमा हुने पहिलो महाधिवेशनलाई लक्षित गरी यो अभियान सुरु गरिएको हो। यो अभियान अवधिमा पाँच लाख सदस्यता वितरण गर्ने लक्ष्य राखिएको छ। २०८२ को वैशाखमा महाधिवेशन गर्ने गरी लोसपा नेपालले संगठनको कामलाई तिब्रता दिएको छ। तत्कालीन तमलोपाको प्रथम महाधिवेशन २०७३ मा भएको थियो। त्यसयता महाधिवेशन भएको छैन। तमलोपाबाट राजपा र राजपाबाट जसपा हुँदै लोसपा बनेको हो। विभिन्न पार्टीहरूसँग एकता र सहकार्य गरिरहेका कारण महाधिवेशन भएको थिएन। आउने बैशाखमा हुने महाधिवेशनलाई पहिलो महाधिवेशन भनेको छ।

### चीन जानुअघि...

चीन जानुअघि रअका नेपाल प्रमुख शर्मालाई बोलाएर आफू भारत विरोधी होइन, भारतको मित्र हो भनि सन्देश दिनुभयो। त्यो सन्देशले चीनबाट फर्केपछि भारतले कस्तो प्रतिकृया देखाउछ त्यसमा भर पर्छ।

प्रधानमन्त्री ओलीले नेपालको गुप्तचर संस्था राष्ट्रिय अनुसन्धान विभागलाई आफू निकट राख्नु भएको छ। उहाँ यसअघि प्रधानमन्त्री भएकै बेला विभागलाई प्रधानमन्त्री कार्यालयमार्फत राख्नुभएको थियो। राष्ट्रिय अनुसन्धान विभागले देशभरबाट संकलन गर्ने सूचना सिधै प्रधानमन्त्रीसमक्ष पुग्छ। र, त्यसको आधारमा देशको सुरक्षा अवस्था, राजनीतिक अवस्था लगायतको विषयमा विश्लेषण हुन्छ र सरकार त्यो अनुसार आफ्नो एक्सनमा जान्छ। भारतको 'रअ' र नेपालको गुप्तचर संस्था राष्ट्रिय अनुसन्धान विभागसँग सम्बन्ध स्थापित गराउन प्रधानमन्त्री ओलीले रअका प्रमुखसँग त्यो दिन (मंसिर १३ गते) आग्रह गर्नुभएको थियो।

सो आग्रह बमोजिम अनुसन्धानका केही गुप्तचरहरु भारतको नयाँ दिल्ली तालिमका लागि जाने तयारीमा छन्। स्रोतका अनुसार सम्भवतः पुस महिनामा भारतको दिल्ली जाने छन्। उनीहरुलाई भारतको 'रअ' मातहत राखेर तालिम दिन्छ। यसरी पहिला पनि तालिम दिइन्थ्यो। तर बिचमा लामो समयदेखि त्यो रोकिएको थियो। प्रधानमन्त्री ओली चीन जानुअघि यसको सहमति दिएको प्रधानमन्त्री कार्यालय स्रोतले जनाएको छ।

# रविन्द्र यादवले युएनमा उठाउनुभयो मधेशको मुद्दा

विदेशमा रहेको मधेशी एकता समाजका अन्तरराष्ट्रिय संयोजक संस्थापक डा.रविन्द्र कुमारले मधेशका मुद्दा संयुक्त राष्ट्र संघको बैठकमा उठाउनु भएको छ। स्विट्जरल्याण्डको जेनेभामा सम्पन्न संयुक्त राष्ट्रसंघको अल्पसंख्यक मुद्दा मञ्चको १७औं सत्रमा उनले मधेशका विभिन्न मुद्दाको बारेमा ध्यानाकर्षण गराउनुभयो।

"सार्वजनिक स्थान र संवादमा अल्पसंख्यकको प्रतिनिधित्व र आत्म-प्रतिनिधित्व" भन्ने विषयमा आधारित सो सत्रामा संयोजक यादवले नागरिकता, भूमीसुधार, असमानता, समानुपातिक समावेशीलगायतका विषयमा आफ्नो कुरा राख्नु भएको थियो। मधेसी समुदायले झेल्दै आएको संरचनागत बहिष्कार, विभेद र न्यून प्रतिनिधित्वका विषयलाई प्रस्तुत गर्दै उहाँले मधेसी समुदाय नेपालको एक-तिहाइ जनसंख्या ओगट्ने भए पनि उनीहरूलाई राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रबाट योजनाबद्ध रूपमा पछाडि पारिएको उल्लेख गर्नुभयो।


नागरिकताको लागि कठोर कानुनका कारण धेरै मधेसी अझै राज्यविहीन अवस्थामा रहेको उल्लेख गर्दै संयोजक यादवले भूमि सुधार र पहाडी क्षेत्रबाट योजनाबद्ध रूपमा गराइएको बसाइँसराइले मधेसीलाई आफ्नै भूमिमा अल्पसत्त्यक बनाएको दावी प्रस्तुत गर्नुभयो। सरकारी जागिर र विद्यालयमा नेपाली भाषा अनिवार्य गरिनुले मधेशी समुदाय बहिष्कृतमा परेको दावी गर्दै उहाँले मधेसी बालबालिकाको विद्यालय नजान्ने दर १४ प्रतिशत र विद्यालय छाड्ने दर राष्ट्रिय औसतभन्दा ३.५ गुणा बढी बनाएको गुनासो गर्नुभयो।

सरकारी गजेटेड पदमा १.१ प्रतिशत, नेपाली सेनामा २ प्रतिशत, र सर्वोच्च अदालतका १७ न्यायाधीशमध्ये केवल एक पदमा मधेशीको प्रतिनिधित्व रहेको उल्लेख गर्दै उहाँले सार्वजनिक स्थान र राष्ट्रिय संस्थाहरूमा मधेशी कला, संस्कृति र इतिहासको उपेक्षा गरिएको दावी गर्नुभयो। उहाँले सो कार्यक्रममा भन्नुभयो, "हामी न्याय चाहन्छौं। हामी समावेशिता चाहन्छौं। हामी प्रतिनिधित्व चाहन्छौं। हामी समानता चाहन्छौं न बढी, न कम।"

उहाँले विस्तृत रूपमा तयार गरिएको लिखित धारणा पनि सो मञ्चमा पेस गर्नुभयो। जसमा मधेशी समुदायको समस्यालाई तथ्यांक र अन्तर्राष्ट्रिय प्रतिवेदनको आधारमा उजागर गरिएको छ। उहाँले मानव अधिकार वाचद्वारा प्रकाशित "लाइक वी आर नट नेपाली" शीर्षकको प्रतिवेदनलाई पनि मधेसी समुदायको दमनको प्रमाणस्वरूप प्रस्तुत गर्नुभयो। उहाँले नेपाल र अन्तर्राष्ट्रिय समुदायलाई मधेशीको समस्याको समाधान गर्न आह्वान गर्दै मधेशीको संघर्ष विशेष अधिकारका लागि होइन, बरु समानता, सम्मान र न्यायका लागि भएको धारणा राख्नुभएको थियो।









## आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना

*सूचना प्रकाशित मिति : २०८१/०२/३२*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९

# रश्मिका विजयको कि रक्षितको ?

भारतमा 'नेशनल क्रस' भनेर चर्चित दक्षिण भारतीय अभिनेत्री रश्मिका मन्दनाको एउटा भिडियो यतिखेर सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। केही वर्ष पुरानो यो भिडियोमा रश्मिकाको इन्गेजमेन्ट भइरहेको देखिन्छ।


वास्तवमा यो भिडियो ८ वर्ष पुरानो हो। भिडियोमा रश्मिकाले दक्षिण भारतीय अभिनेता रक्षित शेट्टीसँग इन्गेजमेन्ट गरेको देखिन्छ। इन्गेजमेन्टपछि दुवैजना आ-आफ्ना औँलाको औँठी देखाइरहेको देखिन्छ।

रश्मिकाले सन् २०१६ मा रक्षित शेट्टीको अपोजिट कन्नड फिल्म 'किरिक पार्टी'बाट आफ्नो करियर सुरुआत गरेकी थिइन्। दुवैले फिल्मको सुटिङका क्रममा डेटिङ सुरु गरेका थिए। २०१७ को जुलाई ३ मा दुबैले इन्गेजमेन्ट पनि गरे। इन्गेजमेन्टको समयमा रश्मिका २१ वर्षकी थिइन् भने रक्षित शेट्टी ३४ वर्षका थिए। दुवैको उमेरमा करिब १३ वर्षको अन्तर थियो।

तर रश्मिका र रक्षितको सम्बन्ध लामो समय टिक्न सकेन। इन्गेजमेन्टगरेको एक वर्षपछि २०१८ को सेप्टेम्बर उनीहरूले इन्गेजमेन्ट तोडे। सम्बन्ध टुट्नुको कारणबारे दुबैले केही पनि बताएनन्। सम्बन्ध टुटेपनि दुवै एकअर्काको सम्पर्कमा छन्। 'म र रश्मिका कहिलेकाहीँ एकअर्कालाई म्यासेज गर्छौं। आफ्नो कुनै पनि फिल्म रिलिज हुँदा हामी एक अर्कालाई शुभकामना दिन्छौँ,' इन्डियन एक्सप्रेससँगको कुराकानीमा रक्षितले एक पटक भनेका थिए।

रक्षित शेट्टी एक अभिनेता र फिल्म निर्माता हुन्। उनको फिल्म 'रिचर्ड एन्थोनीः लर्ड अफ द सी' नोभेम्बर २९ मा सिनेमाघरहरूमा रिलिज हुँदैछ। उनी यस फिल्मको मुख्य कलाकार हुन्। उनले यो फिल्मको निर्देशन पनि गरेका छन्। सन् २०२२ मा '७७७ चार्ली' फिल्मका लागि रक्षित शेट्टीले राष्ट्रिय पुरस्कार पाएका थिए।

रश्मिकाको कामको कुरा गर्ने हो भने उनको बुहप्रतिक्षित फिल्म 'पुष्पा २ः द रुल' यही डिसेम्बर ६ (मंसिर २१ गते)मा हलमा आउँदैछ। फिल्ममा अभिनेत्री पुनः श्रीवल्लीको भूमिकामा देखिने छिन्। फिल्ममा उनीसँग साउथ सुपरस्टार अल्लु अर्जुन मुख्य भूमिकामा छन्। रश्मिका मन्डन्नाको नाम लामो समयदेखि साउथ स्टार विजय देवरकोंडासँग जोडिएको छ। दुवैले धेरै फिल्ममा सँगै काम गरेका छन्। उनीहरूको यो जोडीलाई फ्यानहरुले निकै रुचाएका पनि छन्।



## मधेशी शक्ति...

यसका साथै प्रदेशमा रहेको जानकी मन्दिर, गढीमाई, छिनमस्ता भागवती, रौजा मजारजस्ता महत्वपूर्ण धार्मिक स्थलहरुको सौन्दर्यकरण तथा स्तरोन्नतीबाट पर्यटकहरुमा आकर्षण बढेको छ।

अन्य मधेश प्रदेशवाहेकका अन्य ६ प्रदेशमा कुनै पनि मुख्य मन्त्री ५ वर्षको कार्यकाल पुरा गरेन। तर नेपालका प्रदेशहरुमा मधेश प्रदेशमा एक प्रकारले भन्नै पर्दा स्थायी सरकार जस्तै देखिएको छ। मधेशमा उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतो, महेन्द्र राय यादव, शरदसिंह भण्डारी, हृदेश त्रिपाठी, अनिल कुमार झा, राजकिशार यादव, रिजवान अन्सारी, रेशम चौधरी र डा. सी.के. राउतहरुले २०८४ को आम निर्वाचन अघि नै विचार मिल्नेहरुको पार्टी एकता वा त्यो सम्भव नभएमा चुनावी मोर्चा भए पनि बनाउन जरुरी देखिन्छ। नत्र एक्ला(एक्लै निर्वाचनमा जाने हो भने जमानत पनि बचाउन सकिने अवस्था छैन। नेपालमा लोकतान्त्रिक र वामपन्थी मोर्चा बन्ने अवस्था पनि विद्यमान छँदैछ। वामपन्थी मोर्चा बन्यो भने उसको बलियो जनआधार र माहौल बन्ने अवस्था छ। जो चीनको इसारामा बन्ने र चल्नेछ। अर्कोतिर काँग्रेस र एमालेको निर्वाचनसम्म सहकार्य र मोर्चा बन्यो भने पनि मधेशवादी दलहरुको लागि ठूलो चुनौति हुने देखिन्छ।

### मधेसी नेता र पार्टी पतनका कारण

पहिलो संविधानसभामा मधेसीहरुको वृहत एकताबाट प्राप्त उल्लेखीय ९४ सिटले राज्यसत्तालाई ठूलो चुनौतिको रुपमा लिएको थियो। राज्यसत्ताप्रति मधेशको बढ्दो घृणाले भोली सत्ता कब्जा गर्ने कारण न बनोस् भन्ने कुरामा राज्यसत्ता सचेत थियो। जसको कारण तत्कालीन मुख्य तीन दलहरु माओवादी, काँग्रेस र एमालेको सहमतिमा गिरिजाबाबु नेतृत्वको सरकारले मधेश आन्दोलनसँग भद्र सहमति गरेको थियो।

यसैक्रममा मधेशीको एकतालाई कसरी तोड्ने र माइक्रो मेनेजमेन्टबाट कसरी मधेशी शक्तिलाई थाहै नदिइ प्रलोभनका खेलहरु भए भन्ने कथाहरु कम्ता रोचक छैनन्। यो एकदमै अनौठो पनि छ। यही रणनीति अन्तर र्गत मधेशी पार्टीहरुमा विभाजन र टुटफुटका शिकार बने। मधेशको मसिहा मै हुँ भन्ने अहंकार र घमण्ड उपेन्द्र यादवमा पलायो। उनी लोकतान्त्रिक पद्धतीलाई मिच्दै निगाह र तजविजीमा चल्न थाले। यस्तो अंहकार उपेन्द्रवाहेकका अरु मधेशी नेताहरुमा पनि छँदै थियो। लोभ र अहंकारका कारण मधेशी पार्टीहरुको पतनको क्रम रोकिएन। अझै विस्तार हुँदै गएको देखिन्छ।

अहिले मधेसी पार्टीहरु न त संस्थागत हुन सके। नत मधेसी जनताको अधिकार नै सुनिश्चि हुन पुग्यो। मधेशी दलहरुले नेपालका प्रमुख तीन राजनीतिक दलहरुको रणनीति पनि बुझ्न सकेनन्। जसको कारण आज मधेशी पार्टी र मधेशको शक्तिलाई कसैले विश्वास र भरोस गर्न नसक्ने अवस्था सृजना भएको छ। मधेशमा नेपाली कांग्रेस, एमाले र माओबादीको वर्चस्व कायम गराउने मधेशी नेता नै हुन्। मधेशी नेताहरु आफ्नै स्वभावले बर्बाद भए भने राज्यसत्ताले भने मधेशी एकता तोडेर भविष्य सुनिश्चित गरेको छ। काँग्रेस र एमालेको मोर्चा आगामी निर्वाचनसम्म जाने हो भने अझ मधेशवादी दलहरुको अस्तित्व संकटमा पर्ने देखिन्छ।

पहिचान र संघीयतावादी शक्तिहरुको एकता र मोर्चागत सहकार्य अहिलेको प्रमुख आवश्यकता हो। किनकी मधेसी शहीदको सपना पूरा गर्न पनि यो आवश्यकता देखिन्छ। मधेसी पार्टीहरु पतन भएसँगै सर्वाच्चका पूर्व न्यायाधिश गिरिश चन्द्रलालको नेतृत्बमा बनेको छानवीन आयोगको रिपोर्ट पनि सार्वजनिक गरिएन। आन्दोलनकारिमाथि झुटामुद्दा यथावत छन्। कम्तिमा मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही ,रौतहट, बारा, पर्सा, नवलपरासी, रुपन्देही, कपिलवस्तु र बाङ्केसम्मको जनतालाई २०८४ को मिसनमा मधेशी शक्तिको दशा र दिसाको बारेमा बहसमा ल्याउन जरुरी भइसकेको छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, उत्तरप्रदेशका मुख्यमन्त्री माहाराज योगी आतित्यनाथ, भारतका बिदेश मन्त्री एस.जय शंकरको आग्रहलाई समेत मधेशी नेताहरु उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतो र डा. सी.के राउतले मनन गरी पार्टी एकतामा लाग्न ढिलो भइसकेको छ। नत्र त २०८४ को निर्विाचनमा पनि मधेशी जनताको दबावलाई वास्ता नगर्ने हो जनताले नै मधसी नेताहरुलाई कहिल्यै उठ्न नसक्ने गरी दण्ड दिने छन्।

एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली २०८४ को मिसन भन्दा अगावै एमाले पार्टीलाई संसदमा ठूलो पार्टीको बनाउने कसरतमा छन्। अध्यादेश लाने र साना पार्टी फुटाउने आफ्नोमा मिलाउने बिपक्षी दलको दबावले रोकियो साथै राष्ट्रिय स्वतन्त्र पार्टीको शहर केन्द्रित आन्दोलनबाट प्रधानमन्त्रीको अध्यादेश ल्याउने अभियान रोकियो। मिसन २०८४ को लागि नेपाली काँग्रेस र एमाले आआफनो एक जुट भएर लागेको छ। काँग्रेस र एमाले एक्ला एक्लै भिड्ने तर मधेशी नेता राजेन्द्र महतो (स्वर्गिय गजेन्द्रनारायण सिंहको अनुयायी) को नेतृत्बमा निर्वाचन आयोगमा राष्ट्रि मुक्ति दल दर्ता गरेको छ यसले मधेसीहरु फुटने क्रम जारि नै रहेको सन्देश गएको छ।




## वडा कार्यालयको अपिल

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ। यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो। आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो। यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ। पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन। नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ। वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ। त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस्। वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं। आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस्। अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस्।***

**मधेश प्रदेश**
**औरही गाउँपालिका, सिरहा**
**औरही वडा नम्बर ५ को कार्यालय**

# राजाको सक्रियतासँग बद्री मण्डलको पनि सगबगाहट

नेपाल सद्भावना पार्टीको अध्यक्ष रहकै बेला पूर्व राजा ज्ञानेन्द्र शाहको 'कु'लाई समर्थन दिएर शाहीकालमा मन्त्री भइसक्नु भएका बद्रीप्रसाद मण्डल यतिबेला पुनः सक्रिय हुनुलाई रहस्यमय रुपमा हेरिएको छ। राजतन्त्र पुनः फर्किने, राजा पुन आउने चर्चा चलिरहेको बेला बद्री मण्डल अचानक नेपालको राजनीतिमा आफ्नो उपस्थिति देखाउनुलाई कतिपयले अनौठो रुपमा लिएको छ। जनतामा लोकतान्त्रिक शक्तिहरुको आलोचना हुनु, राप्रपालगायत राजतन्त्र निकट संगठनहरु सक्रिय हुनु, पूर्व राजा ज्ञानेन्द्र शाह स्वयं आफै पनि सक्रिय हुनुभएको बेला बद्री मण्डल मधेशमा आफ्नो शक्ति आर्जन गर्न पुनः सक्रिय हुनुभएको छ।

सक्रिय पनि त्यो पार्टीबाट हुनुभएको छ जुन पार्टीको अध्यक्ष विगतमा रही सक्नुभएको छ। सोही पार्टीलाई लिएर राजा ज्ञानेन्द्र शाहको कदमलाई समर्थन गर्नुभएको थियो। हो, त्यो पार्टी हो नेपाल सद्भावना पार्टी। मंसिर ३ गते सम्पन्न नेपाल सद्भावना पार्टीबाट उहाँ सक्रिय हुनुभएको हो।

महाधिवेशनले रामचन्द्र कुशवाहाको अध्यक्षतामा गठन भएको २९ सदस्यीय राष्ट्रिय कार्यकारिणी समितिमा बद्री मण्डललाई वरिष्ठ नेताको रुपमा राखिएको छ। अर्थात पार्टीको कार्यकारी रामचन्द्र कुशवाहा भए पनि पार्टीको कमाण्डर बद्री मण्डल नै रहने स्रोतको दावी छ। स्रोतले भन्यो, 'आफू शक्तिशाली रहेको भनि कसैलाई बद्री मण्डललाई देखाउनु छ, त्यही भएर सक्रिय हुनुभएको छ।'

कार्यकारिणी समितिको सहअध्यक्षमा गोविन्द चौधरी र उपाध्यक्षहरुमा सहजाद मियाँ मिकरानी र दशरथ यादव रहनु भएको छ। त्यस्तै, महासचिवमा रामबाबु सिंह र सुरेन्द्रकुमार पटेल रहनु भएको छ। सहमहासचिवमा मञ्जु चौधरी, वैद्यनाथ पासवान तथा कोषाध्यक्षमा चन्द्रिकाप्रसाद कुशवाहा र प्रवक्तामा रामपृत यादव रहनु भएको छ।

केन्द्रीय सदस्यहरुमा जिपी सिंह, दिनेश राउत, रामबाबु साह, रामनरेश प्रसाद कुशवाहा, राजकुमार राजवंशी, सुनिलकुमार यादव, भोलानाथ सिंह, ओम थनेत, सत्यनारायण प्रसाद रौनियार, जगनाथ महतो कोइरी, प्रभा चौधरी, ह्रदयानन्द मेहता, नमिता चौधरी, जयदेव चौधरी, सञ्जु चौधरी, मञ्जु देवी, सावित्री देवी राम र सुनिता मेहता रहनु भएको छ।

नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंहको निधनपछि त्यसको अध्यक्ष बद्री मण्डल हुनुभएको थियो। उहाँ अध्यक्ष रहेकै बेला नेपाल सद्भावना पार्टी विभाजन भएको थियो। ज्ञानेन्द्र शाहले 'कु' गरेपछि बद्री मण्डल त्यता लाग्नु भएको थियो। त्यसपछि लक्ष्मणलाल कर्ण सो पार्टीको अध्यक्ष हुनुभएको थियो। पछि आनन्दी देवी अध्यक्ष रहेको नेपाल सद्भावना पार्टीसँग एकीकरण भएको थियो।

त्यसपछि पनि सो पार्टी पटक पटक विभाजन भयो। पार्टीका नेताहरु अरु अरु पार्टीमा गए। नेपाल सद्भावना पार्टी त्यतिकै हराई सकेको थियो। पछि रामकुमार महतोले त्यसलाई जिवित गर्नुभएको थियो। पछि उहाँ पनि त्यो पार्टी छाडेर रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीमा जानु भयो। त्यसपछि बाँकी रहेका नेताहरुले रामचन्द्र कुशवाहाको अगुवाईमा पर्सामा मंसिर ३ गते महाधिवेशन सम्पन्न गरेका छन्। त्यही महाधिवेशनबाट बद्री मण्डल सक्रिय हुनुभएको हो।

देशमा गणतन्त्र आएपछि बद्री मण्डल निस्कृय हुनुहुन्थ्यो। उहाँ केही समय राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीमा पनि लाग्नु भएको थियो। पछि जसपा नेपालसम्म अलिअलि पार्टीहरुको राजनीतिक गतिविधिमा देखिनु भएको थियो। जसपा नेपाल विभाजन भएपछि उहाँ निस्कृय भएर घर बस्नु भएको थियो। अहिले नेपाल सद्भावना पार्टी सक्रिय भएसँगै उहाँ पनि राजनीतिमा आफ्नो उपस्थिति देखाउनु भएको छ।

रामचन्द्र कुशवाहा महन्थ ठाकुर नेतृत्वको तत्कालिन तमलोपाबाट मन्त्री समेत भइसक्नु भएको हो। तत्कालिन तमलोपा टुटफुट हुन थालेपछि उहाँ निस्कृय भएर बस्नु भएको थियो। केही नेताहरुले नेपाल सद्भावना पार्टीलाई पुनर्जिवित गरी सक्रिय बनाउने भएपछि कुशवाहा त्यसमा लाग्नु भएको हो। उहाँकै अध्यक्षतामा नेपाल सद्भावना पार्टीको सातौ महाधिवेशन पर्सामा सम्पन्न भएको छ।

सहअध्यक्ष गोविन्द चौधरीको राजनीति पनि नेपाल सद्भावना पार्टीबाट नै सुरु भएको थियो। पछि त्यसलाई छाडेर उहाँ तमलोपामा लाग्नु भएको थियो। तमलोपा टुटफुट हुँदै गएपछि उहाँ विभिन्न पार्टीमा जानुभयो। तर अहिले नेपाल सद्भावना पार्टी पुनर्जिवित भएपछि उहाँ महाधिवेशनबाट सहअध्यक्ष हुनुभएको छ।

---

## मधेशी राष्ट्रिय...

मधेशी जनतामाथि भइरहेको विभेद र उत्पीडनका कारण अन्तर ाष्ट्रिय समुदायले नेपालको समावेशी लोकतन्त्रको सफलतामाथि प्रश्न उठाउन थाले। यसले नेपाल सरकारमाथि मधेशी जनताको मागलाई सम्बोधन गर्न दबाब सिर्जना गऱ्यो। जसले गर्दा संविधान निर्माण प्रक्रियामा मधेशी मुद्दाहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास गरियो। मातृका यादवले संयुक्त राष्ट्र सङ्घका प्रतिनिधि ई यान मार्टिनसँग भएको छलफलमा मधेशी जनताको मुख्य समस्याहरूलाई उजागर गर्नुभयो। उहाँहरूले मधेशी जनताको ऐतिहासिक विभेद, नागरिकता समस्याको जटिलता, भूमि अधिकार, र राजनीतिक सहभागिताको अभावका विषयमा चर्चा गर्नुभएको थियो। मातृका यादवले मधेशी जनतालाई नागरिकता प्राप्त गर्नमा भइरहेको कठिनाइ र त्यसले उनीहरूको राजनीतिक, आर्थिक, र सामाजिक जीवनमा परेको असरबारे गम्भीर छलफल गर्नुभएको थियो। नागरिकताका आधारमा मधेशी जनतालाई राज्यबाट उपेक्षित गरिएको धारणा उहाँले त्यहाँ राख्नु भएको थियो।

त्यति मात्र होइन उहाँले मधेशी जनतालाई राज्यसत्तामा पहुँच दिन नसकिएको, उनीहरूको प्रतिनिधित्व राज्यका संरचनाहरूमा नगन्य रहेको र मधेशी जनताले भोग्नुपरेको राजनीतिक उपेक्षाबारे ई यान मार्टिनलाई अवगत समेत गराउनु भएको थियो। मधेशी जनतालाई भूमिहीन बनाइएकाले उनीहरूको जीवनस्तर खस्किएको, र राज्यले भूमिसुधारका कार्यक्रमहरू प्रभावकारी रूपमा लागू नगरेकाले मधेशी किसानहरू भूमिको अधिकारबाट वञ्चित रहेको पनि उहाँले मार्टिन समक्ष आफ्नो कुरा राख्नु भएको थियो।

मातृका यादवले मधेशी जनताको आत्मनिर्णयको अधिकार र सङ्घीयताको मागलाई केन्द्रमा राखेर अन्तर्राष्ट्रिय समुदायलाई नेपालको राजनीतिमा दबाब सिर्जना गर्न समेत उहाँहरूलाई आग्रह गर्नुभएको थियो। मधेशी जनतालाई राज्यको पूर्ण नागरिकका रूपमा सम्मान गर्न सङ्घीयता अपरिहार्य भएको पनि उहाँले धारणा राख्नु भएको थियो।

**जनयुद्धपश्चात् मधेशी मोर्चा**

जनयुद्धको समाप्तिपछि शान्ति प्रक्रियामा प्रवेश गर्दा, मधेशी राष्ट्रिय मुक्ति मोर्चाले पनि आफ्नो भूमिका फेरि परिभाषित गर्न थाल्यो। शान्ति प्रक्रियामा मधेशी समुदायको सहभागिताले नयाँ सम्भावनाहरू खुला गरेको भए पनि, आन्तरिक रूपमा माओवादी आन्दोलनमा देखिएको वैचारिक स्खलन र राजनीतिक अस्पष्टताले मधेशी आन्दोलन कमजोर बन्न पुग्यो। मधेशी राष्ट्रिय मुक्ति मोर्चाको नेतृत्वलाई निष्क्रिय पार्ने प्रयासहरू पार्टीभित्रको विवाद र गौर घटनाजस्ता त्रासदीले मधेशी जनतामा नैराश्य बढायो। खास गरी, सङ्घीयताको सवालमा माओवादी नेतृत्वले गरेको सम्झौताले मधेशी जनताको बलिदानलाई बेवास्ता गरिएको आभास दियो। मधेश विरोधी शक्तिहरूको प्रभाव बढ्न थालेपछि, मोर्चाको भूमिका कमजोर बन्दै गयो।

मधेशी राष्ट्रिय मुक्ति मोर्चा एउटा यस्तो मोडमा छ जहाँ इतिहासको गम्भीर समीक्षा गर्दै भविष्यको मार्ग चित्र कोर्नु आवश्यक छ। मधेशको मुक्तिको सपना पूरा गर्न, सङ्गठनलाई फेरि एक पटक पुनर्जीवित गरी क्रान्तिकारी कार्यदिशा तयार गर्नु अपरिहार्य छ। मधेशी जनताको आर्थिक, सामाजिक, र राजनीतिक सशक्तीकरणको लागि सङ्घीयता र स्वायत्तताका मुद्दाहरूको पुनः बलियो रूपमा उठान गर्नुपर्छ। यो मात्र मधेशको समृद्धि र सम्मानको मार्ग हो।

संविधानमा उल्लेखित समानुपातिक समावेशी प्रतिनिधित्वको पूर्ण कार्यान्वयन, धर्म निरपेक्षता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न मोर्चाले पुनः एकचोटी जनतालाई सङ्गठित गर्नुपर्ने आवश्यकता छ। मधेशको समृद्धिको सपना पूरा गर्न, सुशासन, विकास, र स्वायत्तताको मुद्दालाई सशक्त रूपमा उठाउनु आवश्यक छ। मधेशको आर्थिक उन्नति, शिक्षा, स्वास्थ्य, र रोजगारीका सवालमा जनताको सशक्त सहभागिता र निगरानी आवश्यक छ। दलाल नोकरशाही र वित्तीय पुँजीवादीहरूको चङ्गुलबाट मधेशी जनतालाई मुक्त गर्न मोर्चाको बलियो भूमिका जरुरी छ।

मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपालको ऐतिहासिक भूमिका अमूल्य छ। यो सङ्गठनले मधेशको मुक्ति र सम्मानका लागि हजारौँ मधेशी जनताको बलिदानको नेतृत्व गरेको छ। तर, वर्तमान चुनौतीपूर्ण अवस्थामा, मोर्चाले पुनः आफ्नो कार्यदिशालाई सशक्त बनाउँदै, मधेशको हकहित र समृद्धिको लागि निर्णायक कदम चाल्नुपर्ने आवश्यकता छ। ऐतिहासिक सङ्घर्षबाट प्राप्त सिकाइहरूलाई आत्मसात् गर्दै, मधेशी जनताको भविष्यका लागि सङ्गठनले दृढताका साथ अघि बढ्नुपर्छ। मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपालको भविष्यको मार्ग स्पष्ट गर्नका लागि आजको चुनौतीपूर्ण राजनीतिक परिदृश्यमा ठोस रणनीति र सुदृढ नेतृत्व आवश्यक छ। यहाँ मधेशको सम्पूर्ण मुक्ति आन्दोलन र मोर्चाको ऐतिहासिक सङ्घर्षलाई पुनः एक पटक सशक्त रूपमा उठान गर्दै भविष्यको अभियानमा सशक्त भूमिका खेल्नुपर्ने आवश्यकता छ।

**पुनर्गठनको आवश्यकता**

मोर्चाले विगतका कमजोरीहरूबाट सिक्दै सङ्गठनलाई पुनः संरचना गर्नुपर्छ। मधेशका प्रत्येक वर्ग, समुदाय, र क्षेत्रलाई समेट्ने नेतृत्व र प्रतिनिधित्व निर्माण गर्नु अत्यावश्यक छ। सङ्गठनमा भएका आन्तरिक विवादहरूलाई समाधान गर्दै सबैलाई एकताबद्ध बनाउन विशेष ध्यान दिनुपर्छ। जनताको समर्थन बटुल्न र उनीहरूको आवाजलाई सशक्त बनाउन मोर्चाले सशक्त सङ्गठनात्मक ढाँचा र तल्लो तहसम्म जनसम्पर्क विस्तार गर्नुपर्छ।

मधेशी राष्ट्रिय मुक्ति मोर्चाले क्रान्तिकारी सिद्धान्तमा आधारित सङ्गठन भएकोले, मालेमावादको क्रान्तिकारी विचारधारालाई व्यवहारमा कसरी लागु गर्ने भन्ने स्पष्ट दृष्टिकोण र कार्यदिशा आवश्यक छ। मधेशको सामाजिक, सांस्कृतिक र आर्थिक यथार्थलाई बुझेर त्यसमा आधारित रणनीति बनाउनु महत्त्वपूर्ण हुनेछ। वैचारिक स्पष्टतामा मात्र सीमित नभई, व्यवहारिक कार्यदिशा र सङ्घर्षका तरिकाहरूको विकास गर्न आवश्यक छ, जसले मधेशका वास्तविक मुद्दाहरूलाई सम्बोधन गर्न सकोस्।

**मोर्चाका लागि चुनौती**

नेपालको संविधानमा सङ्घीयता र समानुपातिक समावेशी प्रतिनिधित्वको प्रावधान रहेको भए तापनि यसको कार्यान्वयन र प्रभावकारितामा ठुला चुनौतीहरू छन्। मधेशका जनताले चाहेको स्वायत्तता र अधिकारको पूर्ण सुनिश्चितता भएको छैन। यसलाई पुनः बहसमा ल्याएर मधेशको अधिकारका सवालहरूलाई केन्द्रमा राख्न मोर्चाले नेतृत्व गर्नु पर्नेछ। सङ्घीयता र आत्मनिर्णयको अधिकारका लागि जनतालाई पुनः गोलबन्द गर्दै शान्तिपूर्ण र लोकतान्त्रिक सङ्घर्षलाई अघि बढाउनु अत्यावश्यक छ।

मधेशमा गरिबी, बेरोजगारी, र सामाजिक असमानताको जरो गहिरो छ। मधेशी राष्ट्रिय मुक्ति मोर्चाले मधेशको आर्थिक समृद्धि र सामाजिक न्यायका लागि ठोस कार्यक्रमहरू विकास गर्नु पर्नेछ। यसमा कृषिको आधुनिकीकरण, उद्योगको विकास, शिक्षा र स्वास्थ्यमा पहुँच विस्तार, तथा रोजगारी सिर्जना जस्ता मुद्दाहरूलाई केन्द्रमा राख्नुपर्छ। मधेशको समृद्धि बिना नेपालको समृद्धि सम्भव छैन भन्ने सन्देशलाई व्यापक रूपमा फैलाउनु आवश्यक छ।

मधेशको मुद्दालाई राष्ट्रिय सीमाभन्दा बाहिर पनि अन्तर्राष्ट्रिय तहमा उठान गर्न आवश्यक छ। मानव अधिकार, सामाजिक न्याय, र आत्मनिर्णयका लागि लडिरहेका उत्पीडित समुदायहरूको मुद्दालाई अन्तर्राष्ट्रिय मञ्चमा पुर्याएर अन्तर्राष्ट्रिय समर्थन जुटाउन मोर्चाले प्रयास गर्नुपर्छ। विश्वभरिका उत्पीडित समुदायहरू र प्रगतिशील शक्तिहरूसँग ऐक्यबद्धता कायम गर्दै मधेशको सवाललाई अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा उठाउनु आजको आवश्यकता मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपालले आफ्नो ऐतिहासिक सङ्घर्षबाट महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। तर वर्तमानमा यो सङ्गठनले आफ्ना चुनौतीहरूलाई सम्बोधन गर्दै नयाँ ऊर्जा र क्रान्तिकारी दृष्टिकोणसहित पुनः अगाडि बढ्नुपर्छ। मधेशको मुक्ति, समृद्धि, र समानताको सपना साकार पार्न मोर्चाले वैचारिक स्पष्टता, सङ्गठनात्मक सुदृढता, र ठोस कार्यदिशाका साथ अघि बढ्नुपर्छ। आजको चुनौतीपूर्ण अवस्थामा मोर्चाले आफ्नो ऐतिहासिक जिम्मेवारीलाई पुनः आत्मसात् गर्दै, भविष्यको मार्गचित्र निर्माण गर्न जरुरी छ।

*(लेखक घनश्यामप्रसाद रजक माओवादी केन्द्रका नेता* हुनुहुन्छ)

---

## मन नपरे पनि राउतलाई साथमा राख्ने के छ विवशता ?

डा.सिके राउत नेतृत्वको जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको छ। सत्ता गठबन्धनको साथमा रहेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाललाई रिप्लेस गरेर जनमत पार्टी त्यहाँको सरकारको नेतृत्व गरेको छ। तर नेतृत्व गरेको भोलीपल्टदेखि नै सरकार ढल्छ, अर्कोको नेतृत्वमा सरकार बन्छ भनि चर्चा सुरु भएको थियो। जो अझै जारी छ।

पटक पटक यस्तो कुरा उठ्नुको मुख्य कारण जनमत पार्टीका अध्यक्ष डा.सिके राउतप्रति प्रधानमन्त्री केपी शर्मा ओलीको अरुची हो। अध्यक्ष राउतको गतिविधिले गर्दा प्रधानमन्त्री ओली आजित भइसक्नु भएको छ। तर त्यहाँ नेतृत्व गर्ने ठिक पात्र नपाएको कारण जनमत पार्टी नेतृत्वको सरकार अगाडि बढी रहेको छ। मधेश प्रदेशमा काँग्रेस वा एमाले वा माओवादी केन्द्रले सरकारको नेतृत्व गर्न सक्दैनन्। मधेश प्रदेशमा मधेशवादी दलकै नेतृत्वमा सरकार रहोस् भनि यी तीन दलको भित्र अन्डरस्ट्याण्डिङ रहेको छ।

मधेश प्रदेशमा पनि काँग्रेस, एमाले वा माओवादीले सरकारको नेतृत्व गरे भने मधेशमा त्यसको नकारात्मक म्यासेज जान्छ। मधेश केन्द्रीत दलले यसको गलत प्रचार गरेर मधेशमा पार्टीलाई कमजोर बनाउछ भनि बुझाइका कारण मधेश केन्द्रीत दललाई नै त्यहाँ नेतृत्व दिन चाहेका छन्। तर अहिले जनमतलाई रिप्लेस गरेर कसलाई ल्याउने भनि उपयुक्त पात्र काँग्रेस र एमालेले पाइरहेका छैनन्। एमालेका अध्यक्ष समेत रहनु भएका प्रधानमन्त्री ओलीले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई रुचाइ रहनु भएको छैन। उहाँको पार्टीलाई विभाजन गरी अशोक राइलाई पार्टी गठन गर्न लगाएर अहिले सरकारमा राखेर उहाँले संरक्षण दिइ रहनु भएका छ। यो अवस्थामा उपेन्द्र यादवलाई साथमा राख्न सकिदैन भन्दै प्रधानमन्त्री ओलीले उपेन्द्र यादवको पार्टीमाथि त्यति रुची देखाउनु भएको छैन। बिचमा काँग्रेसले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई लिएर प्राधनमन्त्री ओलीसमक्ष मधेश प्रदेश सरकारको बारेमा प्रस्ताव गर्नुभएको थियो। ओली पनि सकारात्मक हुनुभएको थियो तर कुरा खासै अगाडि बढेन।

लोसपा नेपाल मधेश प्रदेशमा निकै कमजोर छ। प्रधानमन्त्री ओलीले मधेश प्रदेश सरकारको नेतृत्व लोसपालाई दिन चाहनु भएको छैन। त्यही अन्योलताको बिचमा मधेश सरकारबाट जनमतलाई रिप्लेस गर्न उहाँ सकिरहनु भएको छैन। त्यसको फाइदा सिके राउतले उठाइ रहनु भएको छ। काँग्रेस पनि जनमत पार्टीको सरकारलाई रिप्लेस गर्न चाहेको छ। मधेश प्रदेशका काँग्रेसका अध्यक्ष कृष्णा यादवले आफ्नो नेतृत्वमा सरकार बनाउन प्रयास पनि गरिरहनु भएको छ। केही समय पहिले नेपाली काँग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले मधेश प्रदेश गएको बेला मधेश सरकारमा जनमत पार्टीको नेतृत्व परिवर्तन हुने अभिव्यक्ति दिनुभएको थियो। सरकार कुनै पनि हालतमा परिवर्तन हुने भनि ढुक्क रहन आफ्ना पार्टीका नेता तथा कर्याकर्तालाई उहाँले भन्नुभएको थियो।

सिरहाको लहानमा आफ्ना नेता तथा कार्यकर्तासँग उहाँले केन्द्रमा जनमत पार्टी गठबन्धनमा रहेकाले मधेश प्रदेशमा सरकारको नेतृत्व दिएको हो, अब त्यस्तो हुँदैन काँग्रेसको नेतृत्वमा सरकार बन्ने भनि कार्यकर्तालाई आश्वस्त पार्न खोज्नुभएको थियो। जबकी महामन्त्री शर्मालाई थाह छ मधेश प्रदेशमा मधेशवादी दलबाहेक अरु कुनै दलले नेतृत्वमा सरकार बन्दैन।

मधेश प्रदेशमा काँग्रेस, एमाले, लोसपा नेपाल मिलेर सरकार बनाउने स्पष्ट अंक गणित छ तर काँग्रेसले त्याग देखाएर जनमतलाई दिएको बताउँदै महामन्त्री शर्माले भन्नुभएको थियो, 'अब लामो समयसम्म त्याग देखाउन सक्दैन मधेश प्रदेशमा काँग्रेसको नेतृत्वमा सरकार गठन हुन्छ तपाईहरु ढुक्क हुनुस्।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पक्राउ परेपछि जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले सरकारको आलोचना गर्नुभएको थियो। त्यसपछि एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशबाट जनमतलाई हट्न भन्नुभएको थियो। तर अध्यक्ष राउतले अब आफूबाट यस्तो गल्ती नहुने भनेपछि ओली चुपचाप बस्नु भएको थियो। अहिले फेरि अध्यक्ष राउत क्यानाडा गएर प्रधानमन्त्री ओलीको बारेमा अभिव्यक्ति दिनुभएको छ। जसले गर्दा प्रधानमन्त्री ओली चिढिनु भएको छ। उहाँ चीन भ्रमणमा जान लाग्नु भएको छ, उताबाट फर्केपछि जनमत पार्टीका अध्यक्ष राउतसँग फाइनल हिसाब किताब गर्ने बताइएको छ।

# गढीमाइ मेलामा कृषि प्रदर्शनी



प्रत्येक पाँच वर्षमा लाग्ने गढीमाइ मेलामा यसपटक कृषि वस्तुको प्रदर्शनी पनि हुने भएको छ। बारास्थित महागढीमाई नगरपालिकाको बरियारपुरमा लाग्ने सो मेला मंसिर १७ गतेदेखि सुरु हुनेछ। मंसिर ३० सम्म चल्ने सो मेलामा कनेक्ट किसानले कृषि प्रदर्शनीको आयोजना गर्न लागेको छ। यो प्रदर्शनीमा ५० लाख भन्दा बढी अवलोकनकर्ता आउने दावी आयोजकले गरेको छ।

कृषि प्रदर्शनी सात दिनसम्म मात्र सञ्चालन हुने बताइएको छ। सो प्रदर्शनीमा लाइभ कृषि प्रदर्शनी, वर्कसप, एक्स्पो र नेटवर्किङ गर्ने अवसर हुने आयोजक संस्थाका प्रमुख राजन दाहालले बताउनुभयो। कृषक लगायत कृषिसँग सम्बन्धित झण्डै सयबढी स्टलहरु रहने आयोजकले जनाएको छ। आयोजकका अनुसार यसको तयारी तीव्ररुपमा भइरहेको छ।

गढीमाइ मेलामा नेपालीमात्रै नभएर भारतीय नागरिकको समेत ठूलो उपस्थिती हुने भएकाले कृषि प्रदर्शनी लाभदायी हुने दावी आयोजकको रहेको छ। गढीमाइ मेलामा ७० प्रतिशतभन्दा बढी भारतीय हुन्छ। यसपटकको गढीमाइ मेलामा दुई करोडभन्दा बढी भक्तजन आउने मेला आयोजक कमिटीले जनाएको छ। गढीमाइ मेलामा दिइने बलिका बारेमा प्रत्येक वर्ष पशुवादीहरुले विरोध गर्दै आएका छन्। त्यसको फाइदा कृषि प्रदर्शनीलाई हुने आयोजकको दावी रहेको छ। कृषि प्रदर्शनीमा ठुलो व्यापार र बजार विस्तार हुने अनुमान आयोजकले गरेको छ। किसानका लागि उपयोगी कनेक्ट किसान एपले किसानहरुका लागि जानकारीमुलक मात्रै नभएर बिक्री नभएका कृषिजन्य वस्तुहरुकालागि बजार खोजी दिनेगर्छ।

# गुणस्तर ऐन पूर्णरुपमा कार्यान्वयनमा

नेपाल सरकारले खाद्य ऐन २०२३ लाई खारेज गर्दै "खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१" को व्यवस्था सुरु गरेको छ। यो ऐन नेपाल राजपत्रमा २०८१ वैसाख २३ गते प्रकाशित भएको थियो। लागू भने साउन १४ बाट भएको थियो। सो ऐनको दफा ५ अनुसार १५ सदस्यीय खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिको गठन गरिएको हो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्माको अध्यक्षतामा यस समितिको पहिलो पूर्ण बैठक गत कात्तिक २९ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा भयो। बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालयका सहसचिवहरू, नेपाल कृषि अनुसन्धान परिषद्का वरिष्ठ वैज्ञानिक, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, उपभोक्ता हितसम्बन्धी संस्थाका प्रतिनिधि, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक र खाद्य विज्ञहरूको उपस्थिति थियो। समितिको सदस्य सचिवमा भने खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक रहने व्यवस्था छ।

बैठकमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार खाद्य पदार्थको स्तर निर्धारण सम्बन्धी प्रावधान, समितिको कार्यक्षेत्र, अधिकार र कर्तव्य लगायतका विषयमा विस्तृत छलफल गरिएको थियो। समितिका सदस्यहरूले आफ्ना धारणा र सुझाव प्रस्तुत गरेका थिए। छुर्पीको अनिवार्य गुणस्तर मापदण्डलाई मन्त्रिपरिषद्या स्वीकृतिका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गर्ने निर्णय गरिएको मन्त्रालयले जनाएको। यो मापदण्ड ईमेलमार्फत प्राप्त सुझावहरूमा आधारित रहेको छ।

**विद्रोही स्वभावका...**

तर सुरेशचन्द्र दास यादवले जिवछीलाई कन्भिन्स गराएर उपाध्यक्षमा चुनाव लडाउनु भएको थियो।

जिवछी चुनाव हार्नुभयो तर अध्यक्षमा उम्मेदार सुवासभन्दा बढी मत ल्याउनुभयो। जिवछीले भन्नुभयो, मैले २१ सय मत ल्याएको थिए भने सुवासले १४ सय।' अध्यक्षमा सिद्धार्थ यादव र उपाध्यक्षमा जसपा नेपालबाट रेणु यादव जित्नुभएको थियो।

चुनाव हारेपनि जिवछीले आफ्नो यात्रामा विराम दिनुभएन। जागिर पनि गरिरहनु भयो र राजनीतिमा पनि त्यतिकै सक्रिय रहनुभयो। अझ भनौं उहाँले आफ्नो राजनीति रफ्तारलाई झन बढाउनुभयो। काठमाडौदेखि प्रदेशसम्म, प्रदेशदेखि स्थानीय तहसम्म उहाँ आफ्नो पकड बनाउन थाल्नुभयो। केन्द्रका नेताहरुसँग पनि जिवछीको राम्रो सम्बन्ध बन्न थाल्यो। केन्द्रीय नेताहरुले जीवछीलाई व्यक्तिगत रुपमा पनि चिन्न थाले। २०७९ मा मधेश प्रदेशको प्रदेशसभामा उहाँ प्रत्यक्षबाट नै चुनाव लड्ने तयारीमा हुनुहुन्थ्यो।

त्यसको तयारी पनि गरिरहनु भएको थियो। चुनावी गठनबन्धन भएको कारण प्रदेश सभाको सीट माओवादीले पायो। त्यसपछि जिवछीको नाम समानुपातिकमा राखिएको थियो। समानुपातिकमा पनि हुने ठाउँमा उहाँको नाम राखिएको थियो र उहाँ समानुपातिकबाट प्रदेशसभा सदस्य बन्नुभयो। नेपाली काँग्रेसका नेता शेखर कोइरालाले त्यतिबेला जिवछीलाई भन्नुभएको थियो, 'तपाई प्रदेश सभामा आउनुपर्छ हामी सबैको इच्छा हो तर एक नम्बरमै राख्न सकिदैन, शेरबहादुर देउवाजीले आफ्नो पक्षबालाको नाम राख्नु हुन्छ तर म यस्तो ठाउँमा राख्छु जहाँबाट तपाईको नाम समानुपातिक सदस्यमा सजिलो तरिकाले आयोस्।' शेखर कोइरालाले भनकै जस्तो भयो। उहाँलाई मधेशी महिला कलस्टरको दुई नम्बरमा राख्यो र एक नम्बरमा रेखा ठाकुरको नाम थियो। प्रदेशसभा सदस्य भएपछि उहाँले सबै जागिर छाड्नुभयो।

प्रदेशसभामा पनि जीवछीको उस्तै रफ्तार थियो। आफ्नो कुरा प्रदेशसभामा राख्नुभयो। जो काँग्रेसका अन्य सांसदले पनि राख्न सकिरहेका थिएनन्। प्रदेशसभामा पनि काँग्रेसको चर्चित नेतृको रुपमा उहाँको नाम आउन थाल्यो। तर उहाँ काँग्रेसको संस्थापक पक्षको नभएको कारण पटक पटक मन्त्री बन्नबाट बन्चित हुनुभयो। यदि उहाँ आजैको मितिले आफ्नो गुट परिवर्तन गर्नुभयो भने भोलीले नै मन्त्री बन्न सक्नुहुन्छ।

प्रदेशका पार्टी अध्यक्ष एवं प्रदेश सभाका संसदीय दलका नेता कृष्ण यादवलाई संसदीय दलको नेता बन्नमा जीवछीले सहयोग गर्नुभएको थिएन। त्यसले गर्दा उहाँलाई सरकारमा पठाइ रहेको छैन भनि गुनासो भइरहेको छ। तर प्रदेश सभामा पार्टीमा सक्रिय नेतृको रुपमा चिनिन्छ। पार्टीको गतिविधि होस् या प्रदेसभाको अधिकाँशमा पार्टीले जिवछीलाई नै पठाउने गरेको छ।

दिवा तथा रात्री सेवा

आरामदायी यात्राका लागि सम्झनु होस्



एञ्जल A/C हाएस

बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौंसम्म

सम्पर्क

काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५१९०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९९२५२५

सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३९
विरेन्द्र-९८१६७०२०००

## वैदेशिक रोजगार बोर्डको सेवाहरु

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान हुने सेवाहरू श्रम स्वीकृति लिई वेदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय वमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ ।**

१. कामदार विदेश वा नेपालमा समेत विरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रूपैयाँसम्म आर्थिक सहायता।
२. कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एकपटकका लागि ५० हजार रूपैयाँसम्मऔषधी उपचार सहयोग ।
३. विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोग लागिकानूनी सहायता आवश्यक परेमा कानुनी प्रतिरक्षा सहायता ।
४. महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिमबापत तिर्नुपर्न शुल्क सोधभर्ना।
५. विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलवाट इच्छाइएको सडक पुगेको स्थलसम्म नि:शुल्क शव छुद्वानी सेवा।
६. मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधिपछि मृत्यु भएको भए २५ हजार रूपैयाँ आर्थिक सहायता प्रदान। पूर्ण आर्थिक सहायता प्रास गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता ।
७. विदेशबाट फर्किएका रिटर्नी कामदारहरूलाई उद्यमशील बनाउनेलगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरू।
८. विदेशमा रहँदा स्वास्थ्य सम्बन्धी कुनै पनि समस्या भए टेलिमेडिसिन सेवाको ईमो, भाईवर, हाटसएप नम्बरमा नेपालको कार्यालय समयमा सम्पर्क गरी विशेषज्ञ डाक्टरद्वारा परामर्श तथा ओषधी प्रेषण गर्ने व्यवस्था छ।

**उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार वोर्डको सचिवालयमा भौतिक रूपमा वा विभिन्न माध्यमवाट सम्पर्क गर्न सकिनेछ ।**

**सम्पर्क विवरण:**
http://shramadhan.moless.gov.np;
facebook.com/shramadhan2 youtube.com/@shramadhan;
instagram.com/shramadhan2; x.com/shramadhan2
**इमेल:** info@feb.gov.np; welfare@feb.gov.np; shramadhan@feb.gov.np
**श्रमाधान कल सेन्टरको पैसा नलागने नम्बर:** ११४१; सशुल्क नम्बर: ०१-५९७०००८
**फोन/इमो/भाईबर/हाट्सएप/बोटिम:** +९७७-९८५१३४७२२२
**टेलिमेडिसिन सेवाको नम्बर:** ९८५१३४५७०१ वा ९८५१३४५७०२

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार बोर्डको सचिवालय**

## कृषकवर्गहरूलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं।
साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गर्नुहुन समेत अनुरोध गर्दछौं।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

## सरकारी जग्गामाथि...

तर भारतले कट सी का लागि भए पनि भ्रमणको निम्तो दिएको छैन । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भ्रमणको निम्तो देला कि भनेर प्रधानमन्त्री ओलीले पर्खेर बस्नु भएको छ । यहाँसम्म कि निम्तोको आशमा प्रधानमन्त्री ओलीले उल्टै त्यहाँका प्रधानमन्त्री मोदीलाई तीन पटकसम्म नेपाल भ्रमणको निमन्त्रणा दिइसक्नु भएको छ । तर भारतका प्रधानमन्त्री मोदीले त्यसको कुनै रेसपोन्स गर्नुभएन । न प्रधानमन्त्री मोदी नेपाल भ्रमणमा आउनु भयो, न प्रधानमन्त्री ओलीलाई नै बोलाउनुभयो ।

गत साउन २२ गते नेपाल भ्रमणमा आउनु भएका भारतका विदेश मन्त्री बिक्रम मिस्रीमार्फत प्रधानमन्त्री ओलीले मोदीलाई नेपाल भ्रमणको निम्तो पठाउनु भएको थियो । त्यसपछि भदौंमा भारत भ्रमणमा जानु भएका काँग्रेसीका नेतृ एवं परराष्ट्रमन्त्री डा.आरजु राणा देउवामार्फत पनि उहाँले निमन्त्रणा पठाउनु भएको थियो । युएनको महासभामा भाग लिन अमेरिका गएको बेला गत असोज ७ गते प्रधानमन्त्री मोदीसँग भेट हुँदा उहाँ स्वयंले पनि नेपाल भ्रमणको निमन्त्रणा दिनुभएको थियो । तीन तीन पटक निमन्त्रणा पाए पनि प्रधानमन्त्री मोदीले ओलीलाई कुनै महत्व दिनु भएन । तैपनि प्रधानमन्त्री ओली भारतबाट निमन्त्रणा आउँछ कि लामो समय पर्खिनु भयो जब निमन्त्रणा आउने नभएपछि चीन जाने निश्चित गर्नुभयो । चीनबाट निमन्त्रणा मगाएर भ्रमणको तयारीमा जुट्नुभयो । चीन जाने निश्चित गरेपछि भारतले हतार हतारमा निमन्त्रणा पठाउँछ कि भनि बुझाई प्रधानमन्त्री ओलीको थियो । किनभने यसअघि यस्तै चाइनाकार्ड प्रयोग गरेर भारतलाई गलाउन सफल हुनुभएको थियो । त्यही कार्ड यसपटक पनि उहाँले प्रयोग गर्नुभयो तर यसपटक उहाँ सफल हुनुभएन । भारतले निमन्त्रण नपठाएपछि उहाँ चीन जाने तयारी अवस्थामा हुनुहुन्छ । मंसिर १७ गतेदेखि २० गतेसम्म चीनको भ्रमण गर्नुहुन्छ भनि दुवै देशका सरकारले औपचारिक घोषणा गरिसकेको छ ।

२०७२ मा केपी शर्मा ओली पहिलो पटक प्रधानमन्त्री हुँदा नेपालमाथि भारतको नाकाबन्दी थियो । त्यसले गर्दा भारतसँग ओलीको राम्रो सम्बन्ध थिएन । एक त संविधान निर्माणको विषयलाई लिएर पनि ओलीसँग भारतको राम्रो थिएन । नाकाबन्दीले गर्दा झन दुरी बढेको थियो । नाकाबन्दीको समय भारतको सबभन्दा बढी आलोचना गर्ने प्रधानमन्त्री ओली नै हुनुहुन्थ्यो । संविधान निर्माणमा भारतले गरेको हस्तक्षेपको खुलासा पनि प्रधानमन्त्री ओलीले नै गर्नुभएको थियो । तत्कालिन भारतीय विदेश सचिव एस.जयशंकर नेपाल आएर संविधान निर्माणको कार्यलाई स्थगित गर्न दिएको दबावको खुलासा प्रधानमन्त्री ओलीले नै गर्नुभएको थियो ।

संविधान निर्माणदेखि नै भारत प्रधानमन्त्री ओलीप्रति चिढिएको थियो । पछि नाकाबन्दी लगाउँदै ओलीले भारतको खुलेर विरोध गर्नुभएको थियो । भारतले नाकाबन्दी लगाएपछि पेट्रोलियम पदार्थलगायत अन्य समानहरु चीनबाट ल्याउने भनि त्यति नै बेला चीनसँग सम्झौता गर्नुभएको थियो । त्यसले भारत प्रधानमन्त्री ओलीप्रति झन चिढिनु भएको थियो र सोही कारणले भ्रमणको निमन्त्रणा दिइरहेको थिएन । जब कि प्रधानमन्त्री ओली भारतको भ्रमण गर्ने इच्छा देखाइ रहनु भएको थियो । तर भारतले निमन्त्रणा दिइरहेको थिएन । त्यसपछि ओलीले चाइनाकार्ड प्रयोग गर्नुभयो । आफ्नो चीन भ्रमणको तयारीका लागि तत्कालिन परराष्ट्रमन्त्री कमल थापालाई चीन पठाउनु भएको थियो । भ्रमणको सम्पूर्ण तयारी पूरा गरी जब थापाले त्यहाँका परराष्ट्रमन्त्री वाङ् यीसँग संयुक्त पत्रकार सम्मेलनको आयोजना गरे अनि त्यसपछि भारत झस्केको थियो ।

अब पनि निमन्त्रणा गर्न ढिलो गरियो भने नेपालसँगको सम्बन्धले अर्को मोड लेला भनि भारतले आँकलन गरेर नै त्यति बेला भारतले नेपालमाथि लगाइएको नाकाबन्दी फिर्ता लिएर प्रधानमन्त्री ओलीलाई हतार हतारमा भारत बोलाएको थियो । ओली भारत भ्रमणमा गए पनि त्यहाँ खासै उपलब्धी हुन सकेको थिएन । यतिसम्मको कटुता थियो कि दुई देश बिच संयुक्त विज्ञप्ति समेत जारी हुन सकेको थिएन । निराश र क्रोधित भएर भारतबाट फर्किनु भएका प्रधानमन्त्री ओली २०७२ चैत ७ गते चीनको भ्रमणमा जानु भएको थियो । भारतले नाकाबन्दी खोले पनि नेपालसँग सम्बन्ध सुधार गर्ने कुनै छाटकाट नदेखाएपछि प्रधानमन्त्री ओली भारतबाट फर्के लगतै एक महिनापछि चीन भ्रमणमा जानु भएको थियो ।

त्यतिबेलाको भ्रमण टोलीमा प्रधानमन्त्री ओलीसँगै उहाँका धर्मपत्नी राधिका शाक्य, तत्कालिन उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री कमल थापा, तत्कालिन अर्थमन्त्री विष्णु पौडेल, तत्कालिन वाणिज्यमन्त्री दीपक बोहोरा, तत्कालिन शिक्षामन्त्री गिरिराजमणि पोखरेल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमाल लगायतका हुनुहुन्थ्यो । सो चीन भ्रमणको क्रममा दुई देशको बीचमा १० बुँदे सम्झौता भएको थियो भने १५ बुँदे संयुक्त विज्ञप्ति जारी गरेको थियो । त्यसमा अरुण तेस्रो किमाथांका जलविद्युत परियोजना, रसुवागढी केन्द्र अन्तरदेशीय विद्युत प्रशारण लाइन, अन्तरदशीय रेलमार्ग, पोट्रोलियम खानीको अन्वेषण, पोखरा अन्तराष्ट्रिय विमानस्थल, सहुलियत वैकिङ् ऋण लगायतको सम्झौता भएको थियो । त्यसमध्ये भारतको हितमा कुनै पनि सम्झौता थिएन भनि भारतीय पक्षले त्यतिबेला विश्लेषण गरेको थियो । जानकारहरु भन्छन्, 'यी सम्झौताहरु हुनुको कारक त्यतिबेला भारत नै थियो ।' भारतले भाव नदिएपछि ओलीले चाइनकार्ड प्रयोग गर्नुभएको थियो ।

दोस्रो पटक प्रधानमन्त्री बन्दा पनि प्रधानमन्त्री ओली पहिलो भ्रमण चीनकै गर्न चाहनु भएको थियो । त्यसको तयारीका लागि तत्कालिन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई चीन पठाउनु भएको थियो । तर, मन्त्री ज्ञवाली चीनबाट नफर्किंदै भारतले एकतर्फी रुपमा प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्तो मात्र दिएन मिति घोषणा नै गरेको थियो । जुन कुराबाट नेपाल अनभिज्ञ थिए । नेपाललाई भारत भ्रमणको विषयमा कुनै औपचारिक जानकारी नहुँदै भारतीय पक्ष त्यसको तयारीमा जुटीसकेको थियो । त्यतिबेला पनि ओलीले भारताके विरुद्ध चाइनाकार्ड प्रयोग गर्नुभएको धेरैको बुझाई रहेको छ । चीन भ्रमणको तयारीका लागि तत्कालिन मन्त्री ज्ञवालीलाई चीन नपठाएको भए भारतले हतार हतारमा निमन्त्रणा दिन्थेन होला । प्रधानमन्त्री ओलीले २०७४ चैत्र २३ देखि २५ सम्म भारतको भ्रमण गर्नुभएको थियो । २५ गते काठमाडौं फर्केर २६ गते चीनको हाइनानस्थित बोआओमा हुने बोआओ एसिया फोरममा सहभागी हुन जाने ओलीको तयारी थियो ।

ओलीले चीन जाने भएर नै त्यतिबेला भारत भ्रमणलाई तीन दिनमा सिमिति गरेको थियो । भारतले चैत २४ चैतदेखि ओलीलाई भ्रमण गराउने कार्यक्रम तय गरेको थियो तर नेपालले नै २३ गतेदेखि बनाएको थियो ताकि तीन दिनमा भ्रमण सकाएर २६ गते चीन जान सकोस् । तर, भारतको दबावका कारण प्रधानमन्त्री ओली बोआओ सम्मेलनमा समेत भाग लिन जानु भएन । उहाँ आफै नगए पनि अरु उच्च तहका प्रतिनिधिलाई सो सम्मेलनमा सहभागी गराउनु पर्थ्यो तर उहाँले त्यतिसम्म पनि गर्न सक्नु भएन । जब कि त्यसअघि राष्ट्रपतिदेखि लिएर प्रधानमन्त्री स्तरका नेपाली प्रतिनिधिले त्यसमा भाग लिनु भएको थियो ।

प्रधानमन्त्री ओली भारत भ्रमण सकाएर फर्केको १८ दिनपछि भारतका प्रधानमन्त्री मोदी चीन पुग्नु भएको थियो । प्रधानमन्त्री मोदीको त्यो चीन भ्रमण अनौपचारिक थियो । अनौपचारिक भए पनि नेपाल भ्रमण गर्नुअघि उहाँ चीन भ्रमणमा जानु नै त्यतिबेला चासोको विषय थियो । प्रधानमन्त्री मोदीले ओलीलाई चीन जानबाट रोकेर त्यतिबेला आफै किन चीन जानुएको थियो त्यो पनि चर्चाको विषय बनेको थियो ।  त्यतिबेला प्रधानमन्त्री मोदी चीनमा चिनियाँ राष्ट्रपति सी चिन फिङ्गलगायत अन्य उच्च पदस्थ व्यक्तिसँग भेट्नु भएको थियो । भनिन्छ, उहाँले सो क्रममा नेपाल, भारत र चीन सम्बन्धमा पनि कुरा गर्नुभएको विषय त्यतिबेला भारतीय सञ्चारमाध्यममा आएको थियो ।

भारतीय प्रधानमन्त्री मोदी तीन दिनपछि चीनबाट फर्किनु भएको थियो । त्यसको १३ दिनपछि मात्र नेपाल भ्रमणमा आउनु भएको थियो । चीनबाट फर्केको डेढ महिनापछि प्रधानमन्त्री मोदी पुनः संघाई सहयोग संगठन (एससीयो) मा भाग लिन चीन पुग्नु भएको थियो । भारतीय प्रधानमन्त्री मोदीले त्यहाँ चिनियाँ राष्ट्रपतिदेखि लिएर विभिन्न देशका प्रमुखलाई छुट्टा छुट्टै भेट्नु भएको थियो । जब कि त्यो एससीयो सम्मेलनमा भाग लिनका लागि नेपाल पनि जानु पर्ने थियो । त्यसको सदस्य राष्ट्र (डायलोग पार्टनर) नेपाल पनि हो । तर चीनले नेपाललाई निमन्त्रणा नै गरेन । स्रोत भन्छ, चीनले बोआओ सम्मेलनका लागि नेपाललाई निमन्त्रणा गरेपनि सहभागी भएको थिएन त्यही भएर एससीयोमा बोलाएन ।

भारतीय प्रधानमन्त्री मोदी चीनबाट फर्केको एक हप्तापछि मात्र प्रधानमन्त्री ओली चीन भ्रमणमा जानु भएको थियो । प्रधानमन्त्रीकै रुपमा केपी शर्मा आलीले दोस्रो पटक एक वर्ष तीन महिनापछि चीनको भ्रमणमा जानु भएको थियो । चीनबाट फर्केपछि प्रधानमन्त्री ओलीको भारतसँग झन दुरी बढेको थियो । एमालेका नेताहरु भन्छन्, 'कमरेड ओलीले भारतसँग टक्कर लिएकै कारण त्यतिबेला नेकपा खटपट सुरु भएको थियो । भारतकै सहयोगमा प्रचण्ड र माधवकुमार नेपालहरु प्रधानमन्त्री ओलीजीलाई अप्ठ्यारोमा पार्नुभयो जसरी पनि ओलीलाई प्रधानमन्त्रीबाट हटाउनु थियो त्यसका लागि काँग्रेस र मधेशवादी दलहरु पनि लागि परे ।' तत्कालिन नेकपा (एकीकृत)मा खटपट सुरु भएको थियो । नेकपाको अर्को अध्यक्ष प्रचण्ड हुनुहुन्थ्यो । सरकार राम्रोसँग चलाउन नसकेको, सरकारमा भ्रष्टाचार मौलाएको जस्ता आरोप लगाएर प्रचण्डहरु ओलीबाट टाढिन सुरु गर्नुभएको थियो । पछि सो पार्टी नै विभाजन भयो । विभाजन भएपछि ओलीमाथि झन दबावहरु बढ्न थालेको थयो । त्यसको रिसमा प्रधानमन्त्री ओलीले संसद विघटन नै गर्नुभएको थियो । एकपटक होइन दुई-दुई पटक संसद विघटन गर्नुभएको थियो । त्यसको विरुद्धमा दलहरुले आन्दोलन गरेको थियो । अन्ततः सरकारबाट नै हट्नु परेको थियो ।

त्यसपछि उहाँ लामो समयसम्म सरकारभन्दा टाढा रहनु भएको थियो । २०७९ को चुनावपछि माओवादी र काँग्रेस गठबन्धनबाट प्रचण्ड प्रधानमन्त्री बन्नुभएको थियो । बिचमा माओवादीका अध्यक्ष प्रचण्डले एमालेसँग पनि सहकार्य गर्नुभएको थियो तर छोटा समय मात्र चलेको थियो त्यो सहकार्य । पछि एमालेले पनि काँग्रेससँग मिलेर माओवादीलाई धोका दियो । काँग्रेससँग गठबन्धन बनाएर एमालेबाट ओली प्रधानमन्त्री बन्नुभएको हो । जुन कुरा भारतलाई पचेको छैन । ओली प्रधानमन्त्री बनेपछि भारतविरोधी गतिविधि नेपालमा अत्याधिक हुने गरेको थाह पाएर भारतले ओलीसँग सम्बन्ध नै बनाउन चोहको छैन । भारतले ओलीलाई प्रधानमन्त्रीको रुपमा देख्न चाहेको छैन । त्यही भएर हालसम्म भारत भ्रमणको निमन्त्रणा दिएको छैन । यद्यपी प्रधानमन्त्री ओलीले आफैले चीन भ्रमणबाट फर्केपछि भारत भ्रमणमा जाने घोषणा नै गर्नुभएको छ । परराष्ट्रमन्त्री डा.आरजुराणा देउवाले पनि प्रधानमन्त्री ओली चीनबाट फर्केपछि भारत जानु हुन्छ भनि धारणा सार्वजनिक गरिसक्नु भएको छ । तर भारतबाट त्यस्तो संकेत हालसम्म आइसकेकेको छैन ।

*(कार्टुन नेपाली टाइम्सबाट लिएको हो)*


**महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं**

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
- उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,
- आफन्त नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं,
- पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार